Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ९ २०८१ साल असोज ८ गते मंगलबार (Sep 24, 2024) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह; सुझाव; व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी; कम्पनी; शुभचिन्तक; पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति; सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## सांसद भवन झगडीयाहरूको थलो बन्दै

■ मोहन कार्की

सांसद भन्ने वित्तिक्कै धेरै मानिसको बुझाईमा देशको मुल कानून बनाउने ठाउँ हो भन्ने बुझाई रहेको छ । हुन पनि त्यही नै हो । सांसद भनेको विद्यायीका अर्थात विधान बनाउने योग्य व्यक्ति भनेर भन्ने गरेको पाईन्छ । सांसदहरुले जस्तो नीति बनाउछन् । त्यस्तै तरिकाले देश चलाउने गरेको अभ्यासहरु संसारमा छन् । नेपालको पनि त्यस्तै नै हो । नेपालमा सांसदीय अभ्यास जंग बहादुर वेलायत भ्रमण गरेर नेपाल फर्केपछि प्रयोगमा ल्याएका हुन् । तर त्यो त्यतिवेलाको चेतनाकोस्तर जनता र राणाकालीन व्यवस्थाको तालमेल नमिल्दा धेरै प्रयोगमा आउन सकेन् । भलै अराजकताहरु थिएनन् ।



बिक्रम सम्बत् १९९३ सालमा प्रजा परिषदको स्थापना पछि नेपालमा क्रान्तिको उदघोष गरेकाहरुले नेपालमा प्रजातन्त्र चाहियो स्वतन्त्रता चाहियो भनेर गरेको प्रचा अभियानमा भाग लिएका मानिसहरुलाई बिक्रम सम्बत् १९९७ सालमा चार जनालाई फासीमा झुण्ड्याए पछि राणकालीन व्यवस्थाले फासी दिने डरले भागेकाहरुले भारतमा आश्रय लिएर बसेका थिए । त्यतिवेला भारतमा पनि बृटिश विरुद्ध भारत छोडो आन्दोलन चलिरहेको देखेका र सोही आन्दोलमा सहभागी भएकाहरुले नै पछि नेपालमा प्रजातन्त्रको राग अलापेका थिए । राणकालीन व्यवस्थावाट डराएर भागेकाहरु बिक्रम सम्बत् २००७ साल फागुन ७ गते त्रिपक्षिय सम्झौता गरी नेपालमा प्रजातन्त्र आएको खुशीयाली मनाएका थिए । जसमा राणा-राजा प्रजातन्त्रवादीहरुलाई दिल्लीको उपस्थितिमा मिलाईएको थियो ।

त्यतिवेलाको अन्तरिम सरकारमा विद्यायिका भनेर भनिएको थियो । पछि २०१५ सालको आम निर्वाचनमा सांसद भन्ने सव्द राखेर त्यसलाई त्यसै समयदेखि सांसदको रुपमा उच्चारण गर्न थालेको पाईन्छ । त्यसपछि बिक्रम सम्बत् २०१७ साल माघ १९ गते महेन्द्रले राजनीतिक अग्रगामी कदम चालेपछि एकैपटक २०४७ सालमा मात्र सांसदीय व्यवस्था पुनस्थापना हुन पुगेको थियो ।

ति सांसदीय अभ्यासमा त्यतिवेला पनि सांसदमा बोल्ने तर्क राख्ने चलन शिष्ट नै भएको हामीले पाउने गर्दछौ । तर जव २०६२/६३ को आन्दोलन पछि सदनमा गएकाहरुले सांसद भवनहरुमा अराजक ढंडवाट प्रस्तुत हुने ब्रीफकेश फुटाउने, कुर्सी भाच्ने कामहरु सांसदहरुले गर्न थाले त्यो बीचमा संसदमा पुगेकाहरुले जनताको पक्षमा काम गर्न त सकेका थिएनन् नै अर्को प्रमाणित के गरे भने संसद भनेको विधी विधान बनाउने होइन कुर्सी भाच्ने, ब्रीफकेश फुटाउने, हो हल्ला गर्ने, नारा जुलुस गर्ने, बोल्नै नजान्नेहरुलाई बोल्न सिकाउने थलो हो भनेर पछिल्ला घटनाहरुले देखाउदै लगेको छ ।

विगतका पुराना पुस्ताले त नजानेर वा शिक्षाको त्यातिवेलाको गुणस्तर, चेतनाकोस्तर पुगेन भनेर चित्त बुझाउने ठाउ थियो होला । तर जति नयाँ नयाँ पार्टीहरुको जन्म र नयाँ पुस्ताहरु सदनमा पुग्दै गएका छन् । ति पार्टीका सांसदहरुले पनि त्यस्तै व्यवहारहरु देखाउदै आएका छन् । कतिपय उठाउनै पर्ने विषय वस्तुहरु उठाइएको पाइएको छैन । बनाउदै पर्ने विधानहरु बनाएका छैनन् । उठाउन नपर्ने वास्ताविकता भन्दा » बाकी ६ पृष्ठमा

## वृहत रक्तदान तथा निशुल्क दन्त परीक्षण कार्यक्रम सम्पन्न




**काठमाडौं-** सामाजिक तथा आर्थिक रुपले पछाडि परेका र पारिएका व्यक्ति तथा समुदायहरुलाई प्रत्यक्ष सहयोग गरी सकारात्मक रुपान्तरण गर्ने उद्देश्यले स्थापित मुनाफा वितरण नगर्ने यस मुक्तिनाथ फाउण्डेशनले आफ्नो तेस्रो वार्षिकोत्सव अवसरमा बृहत रक्तदान रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । मिति २०७८ असोज १ गते दर्ता भएको यो संस्थाले संस्थाका उद्देश्य भित्रका लक्षित वर्गका व्यक्ति तथा समुदायलाई सबलीकरण गर्न एक सशक्त सामाजिक संस्थाको रुपमा कार्य गर्नेछ ।

सामाजिक क्षेत्रमा विभिन्न किसिमका सामाजिक कार्यहरु गर्दै आएको यस संस्थाको तेस्रो वार्षिकोत्सवको अवसरमा वृहत रक्तदान कार्यक्रम तथा निशुल्क दन्त परीक्षण कार्यक्रम सम्पन्न भएको छ । तेस्रो वार्षिकोत्सवमा आयोजित रक्तदान कार्यक्रममा ५५ पोका रगत संकलन भएको छ भने ४८ जनाले निशुल्क दन्त परीक्षण सेवा लिनु भएको छ । रक्तदान कायक्रमलाई केन्द्रीय रक्तसंचार केन्द्रबाट प्राविधिक सहयोग प्राप्त भएको थियो भने दन्त परीक्षण सेवाको लागि कान्तिपुर डेन्टल अस्पतालको प्राविधिक सहयोग प्राप्त भएको थियो ।

सोही अवसरमा संस्थाका अध्यक्ष भरतराज ढकालले रु. १०;०००; संचालक सिताराम काफ्लेले रु. १०;०००; तथा संचालक राम प्रसाद पोखेलले रु. १५;०००; संस्थालाई आ-आफ्नो जन्मोत्सवको उपलक्ष्यमा आर्थिक सहयोग गरेका छन् ।

## एल.पि ग्यास उद्योग संघका उच्च पदाधिकारीहरूको सामुहिक राजिनामा

■ बिनोद कार्की

काठमाडौं- नेपाल एल.पि ग्यास उद्योग संघमा नेतृत्व पक्षहरूलाई लिएर व्यापक मनमुटाव देखिएको छ। संघका निवर्तमान अध्यक्ष कुश प्रसाद मल्लीले शिर्ष समन्वय समितिवाट ,वरिष्ठ उपाध्यक्ष कृष्णभक्त श्रेष्ठ,महासचिव जीत ब. कार्की , पुर्व उपाध्यक्ष एवं सल्लाहकार मार्स प्रसाईं र का.स सदस्य आादित्य पराजुलीले संघमा सामुहिक र ाजिनामा बुझाएका छन् । » बाकी ६ पृष्ठमा




## दसैँका लागि अग्रिम टिकट बुकिङ



काठमाडौं- दसैं सुरु हुन् ११ दिनमात्रै बाँकी छ । तर दसैँका लागि टिकट बुकिङ अझै अन्योलमा छ । दसैँका लागि अग्रिम टिकट खुलाउने विषयमा पटक-पटक छलफल भएपनि सरकार र यातायात व्यवसायीबिच सहमति जुट्न सकेको छैन ।

शनिबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सरकार र यातायात व्यवसायीबिच भएको छलफल पनि अग्रिम टिकट बुकिङ खुला » बाकी ६ पृष्ठमा

## जुम्लाको स्याउलाई बजार दिइयोस् : ज्ञानेन्द्र शाही


काठमाडौं- राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा) का सांसद ज्ञानेन्द्र शाहीले जुम्लाको स्याउलाई बजारको सुनिश्चितता गर्न सरकारसँग माग गरेका छन् ।

मंगलबार प्रतिनिधि सभामा आकस्मिक समयमा बोल्दै उनले स्याउ नबिकेर जुम्लाका किसान समस्यामा परेको बताए । जुम्लाको स्याउ ७० रुपैयाँ किलोमा पनि नबिक्ने गरेको बताए ।

आफूले सभामुख देवराज घिमिरेलाई दुई वटा स्याउ दिएको उनले सुनाए । दुई वटामध्ये एउटा विदेशी स्याउ र एउटा स्वदेशी स्याउ रहेको उल्लेख गर्दै उनले भने, ‘त्यो विदेशी स्याउ नखानुहोला सभामुखज्यू ।’

विदेशी स्याउमा विभिन्न विषादी मिसाइएको हुन् र त्यसले क्यान्सर हुन् सक्ने, » बाकी ६ पृष्ठमा





जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ९, २०८१ साल असोज ८ गते मंगलबार (Sep 24, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य; रुप सुन्दर हुन्छ । मोहन कार्की

# सम्पादकीय – – – –

## सहकारीमा ठगी प्रकरणको सावधान छिटो खोजौ ।

यतिवेला सरकारी ठगीको विषय जोडतोडका साथ उठेको छ । संसदीय छानविन समिति समेत बनेको छ । त्यो छानविन समितिले चाडै दोषि र जोखिममा रहेका सहकारीहरुलाई कसरी सावधान गर्ने भन्ने उपाय पनि निकाल्ला ।

तर यतिवेला समाजमा सहकारीको ठगी प्रकरणले कतिपय असल उद्देश्य राखेर खोलिएका र सहकारीको नीति नियम भित्र नै रहेका सहकारीहरुलाई समेत असर पुऱ्याउन थालेको छ । जसले गर्द सामान्य नागरिकहरुले सामन्य व्यवसाय गरी थोरै आयमा गुजारा चलाउदै आएका र आृनो जाय जेथा केही नभएका नागरिकहरुको लागि सहकारी एक उपायको रुपमा भुमिका पनि निर्वाह गर्ने माध्यम बन्दै आएको थियो ।

केही ठगहरुले गरेको सहकारी संस्थाको अपचलनले धेरै इमानदार सहकारी संस्थाहरुको विश्वसनीयतामा समेत असर पुऱ्याई समस्या ल्याएको छ । जसका कारण सामान्य व्यवसाय गरेर जिवन यापन गर्दै आएका व्यवसायीरुलाई कठिनाई हुदै गएको छ । यता पर्टी पनि ध्यान दिएर हल्लाको पछि मात्र नलागि असल र गलत छुट्याउने र बजारलाई विश्वसनीयता कायम गर्न इमानदारिताका साथ चलिरहेका सहकारीहरुलाई निरास नपार्न पनि पहल हुनुपर्ने देखिन्छ । यस्तो काम छिटो गर्नुपर्ने भएको छ ।

ज जसले ठगी गरे त्यस व्यक्तिहरुलाई तुरुन्तै कारवाही गरेर अन्य नीति निमयमा चलेका सहरकारीहरुलाई सहज ढंगवाट सञ्चाल गर्न पनि सहकारी संक्रमण छिटो टुङगीनु पर्छ ।

अहिले बाणिज्य बैकहरुले ऋण प्रवाह गर्न नसकेर समस्या भएको छ । सहकारी संस्था मात्र राम्रो सञ्चालन हुने हो भने नेपालको फ्रीज हुदै गएको रकम चलायनमान हुने थियो । सहकारीवाट सामान्य भन्दा सामान्य जनतामा रकम छरिएर जाने भएको हुनाले चलिरहेका नीति नियममा चलिरहेका सहकारीहरुलाई थप विश्वासिलो, भरपर्दो र अनुगमन गरी सरकारले नै एउटा नीति बनाएर अर्थतन्त्रमा बढ्दै गएको जोखिम अविश्वासलाई विश्वासमा बदलेर अर्थतन्त्रमा आएको संकुचनलाई चलायनमान गर्न ढिलो गर्नुहुदैन ।

यस्ता गर्नै पर्ने कामहरु जति ढिलो गरिन्छ । त्यतिनै नेपालको अर्थतन्त्र पछाडी पर्दै जाने सम्भावना रहने देखिन्छ । त्यसकारण यस्ता सहकारी प्रकरणहरुमा देखिएका समस्याहरु छिटो भन्दा छिटो सावधान खोजेर निकास दिनुपर्छ

# संविधान दिवस र संविधान संशोधनको मुद्दा



**बालकृष्ण मैनाली**

> संविधानको मूल उद्देश्य भनेको मानवअधिकारहरूसँग सम्बन्धित सबै पक्षहरूलाई कार्यान्वयन तहमा चरितार्थ गर्नु अनि संविधानका प्रस्तावनासहितका प्रत्येक धाराहरू जीवन्त रहेको र कुनै पनि धारामा कुनै किसिमको खेलबाड नगरिएको/नभएको भन्ने कुराको सन्देश प्रवाह हुनु हो । तर देशको दुर्भाग्य नै मान्नुपर्दछ, यस किसिमको सन्देश प्रवाह गराउन सबै दलका राजनीतिक व्यवसायीहरू असफल हुन पुगे ।

संविधानलाई शासन सञ्चालनको महत्वपूर्ण औजार मानिन्छ । समुच्च संविधान देश सञ्चालनको मूल औजार हो भने संविधानका प्रत्येक धाराहरु सहयोगी औजारहरु हुन् । प्रत्येक धाराहरु क्रियाशील र सही अर्थमा कार्यान्वयन हुन पुगे भने देश शिखरमा चुम्न कतै समय लाग्दैन । छोटो समयमा तरक्की गरेका देशहरु उदाहरणको रुपमा बग्रेल्ती छन्।

गत ३ गते बिहीबार देशको वर्तमान संविधानले नौ वर्ष पूरा गरेको छ । संविधान दिवस आउनुभन्दा एक हप्ताअगाडिदेखि संविधानले अंगिकार गरेका र संविधानका धाराहरुमा व्यक्त गरिएका शब्द तथा वाक्यहरुका बारेमा तिनीहरुको गुणगानदेखि लिएर संविधानले अंगिकार गरेका कुरालाई सत्तासीनहरुले समेट्न नसकेका धारणा, विचार र आलेखहरु बग्रेल्तीरुपमा खबर बजारहरुमा देखिए । यो आलेख पनि त्यसैको उउटा अंश हो । प्राय: गरेर संविधानलाई आ-आफ्नो राजनीतिक स्वार्थ अनुरुपमा प्रयोग गर्ने गरिएको कारण संविधानका धाराहरुले अवलम्बन गरेका लक्ष्यहरुको प्राप्तिमा तगारो उत्पन्न भएर सहिरह्यो ।

त्यति बेला संविधानसभाले वर्तमान संविधानलाई पारित गर्दा जनजनमा जुन उत्साह र खुशीयाली छाएको थियो, आजको दिनसम्म आइपुग्दा सो उत्साह र खुशीयाली हराएर गएको प्राय: जनलाई अनुभूति भैराखेको छ । संविधान दिवसको अवसर पारेर अहिले पनि पूर्वराष्ट्रपतिहरुदेखि लिएर वर्तमान राष्ट्रपतिसम्म, पूर्वप्रधानमन्त्रीदेखि लिएर वर्तमान प्रधानमन्त्रीसम्म, तत्कालीन संविधानसभाका सदस्यहरुदेखि लिएर वर्तमान संसद् सदस्यहरुसम्म, त्यसै गरी पूर्वप्रधानन्यायाधीशदेखि लिएर वर्तमान प्रधानन्यायाधीशसम्म, सँगसँगै कानुनका विद्यार्थीलगायत वकिलहरुसम्मले दिवसको पूर्वसन्ध्यादेखि दिवसको दिनसम्म आ-आफ्ना भावना साटफेर गर्ने काम भयो । यसपालि भने त्यो साटफेरमा संविधान संशोधनको मुद्दाले बढी प्रश्रय पायो । प्रत्येकका भावनाहरुलाई नियाल्दा उच्च प्रतिशतमा निचोड के देखिन्छ भने, संविधानका धाराहरुलाई सहीरुपमा कार्यान्वयन गर्न सकिएन । संविधानको धाराहरुको मूल मर्मलाई आत्मसात् गरी कार्यान्वयनको दिशामा अगाडि बढाउनुभन्दा पनि आफूलाई अनुकुल हुने किसिमले संवैधानिक धाराहरुको व्याख्या गर्दै संविधान प्रयोग हुन पुगेको र सोही अनुरुप संविधानको प्रयोग भैरहेको कुरामा प्रत्यक्ष/अप्रत्यक्षरुपमा प्राय: सबैको स्वीकारोक्ति नै देखा पर्दछ । संविधान संशोधनको मुद्दामा पनि त्यस कुराले प्रभाव पार्ने छाँट देखाइरहेको छ।

संविधानमा व्यवस्था गरिएका धाराहरुमध्ये राज्य सञ्चालन गर्ने विभिन्न सञ्चालकहरुका कार्यविधिलगायत उनीहरुका पदावधि वा उनीहरुले पाउने सुविधाहरु ती सबै गौण विषय मानिनुपर्दछ । मूल विषय भनेको संविधानबाट राज्यका नागरिकहरु कसरी लाभान्वित हुन्छन् ? के कुरामा बढी ध्यान केन्द्रित गर्नुपर्ने हो ? भन्ने विषयलाई प्राथमिकतामा राखी शासन सञ्चालन गरिनुपर्दथ्यो । विडम्बना नै मान्नुपर्दछ, अझै पनि राज्य सञ्चालकहरुको आँखा यो विषयमा खुल्नै सकेको छैन् ।

प्रत्येक वर्ष मनाइने राज्यका महत्वपूर्ण दिवसहरुमा संविधानको धारालाई दुरुपयोग गर्दै विभिन्न अपराधामा संलग्न भएर कैद सजाय भोगिरहेका व्यक्तिहरुलाई बाँकी सजाय माफी मिनाहा गरी जेलबाट छुटकारा दिने कामले अग्रसरता पाउन पुग्यो, जुन ज्यादै दु:खद विषय बन्न पुगेको छ । कुनै पनि दिवसको उपलक्ष्यमा तक्मा पाउनु वा सजाय भोगिरहेका व्यक्तिहरुले कैद मिनाहा पाउनु मात्र संविधानको मूल उद्देश्य हुँदै होइन । संविधानको मूल उद्देश्य भनेको मानवअधिकारहरुसँग सम्बन्धित सबै पक्षहरुलाई कार्यान्वयन तहमा चरितार्थ गर्नु अनि संविधानका प्रस्तावनासहितका प्रत्येक धाराहरु जीवन्त रहेको र कुनै पनि धारामा कुनै किसिमको खेलबाड नगरिएको/नभएको भन्ने कुराको सन्देश प्रवाह हुनु हो । तर देशको दुर्भाग्य नै मान्नुपर्दछ, यस किसिमको सन्देश प्रवाह गराउन सबै दलका राजनीतिक व्यवसायीहरु असफल हुन पुगे ।

देशमा संवैधानिक क्षेप्यास्त्रको पटक-पटक दुरुपयोग हुन पुगेको लामो फेहरिस्त बनिसकेको छ । यो क्रम अझसम्म पनि जारी नै छ । झन् वर्तमानमा आएर त एकातिर संविधान दिवसको उपलक्ष्यमा घरघरमा दीपावलीको अह्वान गर्ने सत्तासीन समूहहरु, अर्कोतिर संविधान दिवसको उपलक्ष्यमा घरघरमा एक मिनेट बत्ती निभाउने कुराहरु विपक्षी खेमामा रहेका प्रतिपक्षी दल तथा अन्य साना दलहरुबाट जनजनमा आह्वान हुनुले देशमा संविधानको र प्रदेशको विषयलाई लिएर द्वन्द्व सिर्जना हुने लक्षणले प्रश्रय पाइरहेको छ । कतिले गरे होलान् त घरघरमा दीपावली ? अथवा कतिले निभाए होलान् विरोधको नाउँमा बत्ती ? वास्तवमा जस्तोसुकै संविधान ल्याए तापनि संविधान आफैँमा खराब हुँदै हुँदैन । संविधानलाई प्रयोग गर्ने प्रयोगकर्ताहरुको कारणले संविधान असल र खराब देखिने हो । एकातिर खान पाइन र देश फर्कन पाइन सरकार भनेर कराइरहेका जनजनहरु, अर्कोतिर द्वन्द्वबाट विस्थापित भएका पीडितहरु, सम्साँझै जहाँ-कहीँ बलात्कारमा परेका पीडितहरु, संसार नै देख्न नपाई हत्या गरिएका बेवारिसे शिशुहरुका बारेमा बोलेर नथाक्ने वर्तमान सरकारका प्रतिनिधिहरुलाई संविधानको प्रस्तावनादेखि लिएर धारा १६ देखि ३२ सम्मले कति गिज्याइरहेको होला ? कति कुरीकुरी भनिरहेको होला ? राजनीतिक व्यवशायीहरुलाई त्यसको न त कुनै चिन्ता छ, न त कुनै पर्वाह । संसद्मा प्रतिनिधित्व गरेका हरेकलाई संविधानमा मानवअधिकारका कुन-कुन धाराहरु समावेश छन् ? भनेर प्रश्न गर्ने हो भने कति सांसदले जनताका अगाडि उभिएर यो धारादेखि यो धार ासम्म संविधानले मानवअधिकारका सवालहरुलाई सुनिश्चित गर्ने अभिभारा लिएको छ भनेर भन्न सक्छन् ? कतिले आजको दिनसम्म हामीले मानवअधिकारका यी-यी धाराहरुलाई सम्बोधन गर्न समर्थ भयौं, अब यी-यी धाराहरु बाँकी छन् भनेर भन्न सक्छन् ? कण्ठ गरेर होइन, संविधानको किताबै हेरेर भन्न दिने हो भने पनि धेरै सांसदहरुले मुख लुकाउनुपर्ने अवस्था छ । बेलाबेलामा लेखेको कुरा पनि भन्नलाई कन्नै पर्ने सांसदहरुका फुटेजहरुले यी कुराहरुलाई प्रमाणित गरिदिइसकेका छन् । वास्तवमा समावेशीको अर्थ आफ्नो मन पर्ने वा नातेदार वा आफन्त छान्ने होइन, समावेशीको नाउँमा सक्षम समावेशी छानिएर संसद्मा प्रतिनिधित्व हुनुपर्दथ्यो । संविधानका धाराहरुले प्रश्रय नपाउनु यस्तै-यस्तै कारणले गर्दा हो ।

नीति-नियमलाई धितो बन्धक राखेर वा आफ्नो अभिष्ट रुचि पूरा गर्न जस्तोसुकै कार्य गर्न छुट पाइरहेका राजनीतिक व्यवसायीहरुका लागि प्रत्येक वर्ष आउने विभिन्न दिवसहरुमध्ये संविधान दिवसलाई पनि आफ्नो स्वार्थ केन्द्रित दिवस मनाउने एक माध्यम बन्न पुगेकोमा जनजनहरुको मन अति नै कुँडिएको छ। संविधान दिवस पञ्चायतकालमा पनि मनाइन्थ्यो । त्यति बेला तीस वर्षदेखि राज्य सञ्चालन गरिरहेकाहरुविरुद्ध वर्तमानका नेताहरुले पञ्चायतकालीन संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउने गर्थे । विडम्बना, आज संघीयता संविधान जारी भएको नौ वर्ष पुग्दा नपुग्दै संघीयता संविधान दिवसलाई कालो दिवसको रुपमा चित्रण गर्ने अवस्था सिर्जना हुँदा पनि सत्ताधारीहरु र संविधान समर्थक विपक्षीहरुलाई अलिकति पनि मनमा ठेस र क्लेशले छोएको अनुभूति गर्न सकिएको छैन । सत्तापक्षीय राजनीतिक व्यवसायीहरुचाहिँ कसरी लामो अवधिसम्म जनतालाई मूर्ख बनाई संवैधानिक दुहाइ दिँदै आफ्नो पुरानो भोटबैंक कायम राख्दै थप बैंकभोट बढाउनेप्रति आफ्ना विचार केन्द्रित गर्ने र प्रतिपक्षीहरु प्नि सकेसम्म आफ्नो भोटबैंक कायम राख्ने सवालमा सत्तापक्षीय राजनीतिक व्यवसायीहरुले जे-जे गरे पनि विरोधको नाउँमा बिरोधदेखि बाहेक थप संविधानमा उल्लिखित मानवअधिकारको लागि आफ्नो धर्म निभाएको अनुभूति कसैले पनि गर्ने गरेका छैनन् ।

जुन बेलादेखि जनताको मतबाट आफूलाई शासक ठान्ने राजनीतिक व्यवसायीहरु द्रव्यमोहमा स्खलित हुन पुगे, त्यति बेलादेखि देश ओरालो गतिमा लाग्न थालेको हो । जानी नजानी भएका अर्थात् विगतमा आफ्ना स्वार्थवश नै भए पनि भए/गरिएका विकासको संरक्षण त परै जाओस्, त्यति बेला व्यवस्थित गरिएका आधारस्तम्भसमेत राजनीतिक व्यवसायीहरुका रुचिका लागि भत्काइएको प्रत्यक्ष उदाहरणलाई संविधान दिवसको उपलक्ष्यमा मनन गर्न सकेको भए अर्को वर्षको लागि केही आशा जाग्थ्यो कि भन्ने हुन्थ्यो । त्यत्तिसम्म पनि वर्तमान संविधान लागू भएको नौ वर्ष पुगेको अवस्थामा मनन गरिएको पाइएन । वास्तविकता बुझिसकेका जेलनेल, हण्डर खाएर खरोरुपमा उत्रेका राजनीतिक नेतृत्वहरुसमेत राजनीतिक व्यवसायीमा परिणत हुन पुगी यो वा त्यो नाउँमा द्रव्यमोहमा डुबुल्की लगाउने कार्यलाई निरन्तरता दिँदै आइरहेको तथ्यलाई नियाल्दा देशले परिवर्तनको काँचुली कहिलेसम्म फेरिसक्छ भनेर अनुमान गर्नु कल्पनाभन्दा बाहिरको विषय हुन पुगेको छ।

जनमतको लागि यो विषय गम्भीर भएर देखा परिरहेको अवस्थामा संविधान दिवसले धेरै प्रतिशत जनजनलाई छिसिक्क छोएको पनि छैन । त्यो कुरा साँचो हो । वर्तमान संविधानलाई कालो दिवसको रुपमा मनाउने कार्यलाई पनि जनमतले रुचाएका छैनन् । हो, यही संविधान संशोधनमार्फत प्रदेश खारेजी र निर्वाचनमा उम्मेदवारी दिनेहरु न्यूनतम योग्यता विजयी बनेपछि निभाउनुपर्ने भूमिका र तोकिएको भूमिका ननिभाएको अवस्थामा फिर्ता बोलाउन पाउने कुराको संशोधनमार्फत यो संविधानलाई निरन्तरता दिनु उपयुक्त हुने कुरामा धेरै जनमत रहेको छ । देशको वर्तमान अवस्थालाई नियाल्दै प्राय: पचास उमेर नाघेका जनमत आफ्नो जीवनकालमा देश परिवर्तनको संघारमा आइपुग्छ भन्ने कुरामा विश्वस्त देखिँदैनन् । त्यसको मूल कारण भनेको जनताको मतबाट निर्वाचित भएका हौँ भन्दै राजनीतिक व्यवसायीहरुले अपनाउँदै आएको थरी-थरीका नीतिगतदेखि लिएर कार्यगतसम्मै घोषित/अघोषित संवैधानिक भावना विपरीत हुन गएको कार्य नै हो ।

गहकिलो संवादमार्फत ठोस निर्णयमा पुग्न अल्छी गर्ने हाम्रा राजनीतिक व्यवसायीहरु संवैधानिक बुँदाको प्रयोगमार्फत श्रीमती, छोरी, श्रीमान्लगायत आ-आफ्ना नजिकका व्यक्तिहरुका नामहरु कोटको खल्तीबाट झिक्दै यो वा त्यो नामको कोटाबाट संसद्मा प्रतिनिधित्व गराउन किञ्चित लज्जा महसुस गर्दैनन्। हाल देखा पर्दै गइरहेको संसदीय व्यवहार र विकासक्रमलाई हेर्दा अब संसद्मा प्रतिपक्षी दलको आवश्यकता नरहेको पुष्टि हुँदै गएको छ।

सत्ताधारी राजनीतिक व्यवसायीहरु र प्रतिपक्षी राजनीतिक व्यवसायीहरु आम्दानी गर्ने कुरामा र पदीय भागवण्डाका कुरामा सदैव सहमति हुने भएपछि प्रतिपक्षको शब्द संविधान र कानूनमा झुन्ड्याइराख्नुको कुनै औचित्य छैन भन्छन् जानकारहरु ।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)*

# रामेछापका राम चन्द्र खड्का साहित्यमा कलम चलाउँदै



*काठमाडौं- रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका वडा नं.३ नमाडिमा जन्मेका रामचन्द्र खड्का साहित्य क्षेत्रमा कलम चलाउदै आएका छन् । उनले आृनो साहित्य सिर्जनाहरु बजारमा सार्वजनिक गर्न नसके पनि थुप्रै गजल, मुक्तक, कविता साहित्य लेखेर राखेका छन् र छिट्टै बजारमा ल्याउने पर्खाइमा बसेका छन् । सानै देखि पढ्न र देशको बारेमा कलम चलाउन रुचि राख्ने खड्का अहिले सरकारी जागिरे समेत भइसकेकाछन् ।*

*उनले लेखेका साहित्य, गजल, चुड्किला, मुक्तकले जोकोहीको मन छुन्छ । भावमा डुबेर लेख्ने गर्दछन् । र फिलमा वाचन गर्ने गर्दछन् । उनै साहित्य क्षेत्रमा रुचि भएका रामेछापका राम चन्द्र खड्कासँग जन आकाश मिडियाका संवाददाता विनोद कार्कीले गरेको कुराकानीलाई हामीले यस अङ्कमा यसरी प्रस्तुत गरेका छौं ।*

**तपाईलाई साहित्य क्षेत्रमा रूचि कसरी आयो ?**

मलाई सानैदेखि लेख्न, पढ्न र देशको बारेमा कलम चलाउन एकदमै मन पर्थ्यो । म सानैदेखि लेख, कविता, गजल, साहित्य पढ्न धेरै रुचि राख्थे र लेख्ने गर्थे । र लेखेर स्कुल कलेजका साथीभाइलाई सुनाउने गर्थे । त्यसरी नै मेरो साहित्य क्षेत्रमा रुचि आयो । अहिले मैले थुप्रै साहित्य, लेख, गजल कविताहरू लेखेको छु ।

**साहित्य भनेको के हो तपाईको बिचारमा ?**

साहित्य भनेको मनवको भाव व्यक्त गर्नु हो । साहित्यले मानिसलाई हसाउछ, रुवाउँछ, बुझाउँछ, साहित्यबाट मानिसको जीवनस्तर परिवर्तन हुन्छ । साहित्यले हाम्रो समाज र देशलाई नै परिवर्तन गर्छ ।

**फुर्सदको समयमा के गर्नुहुन्छ ?**

आफ्नो पडाई र जागिरसँगै फुर्सदको समयमा साहित्य, गजल, लेख र चुड्किलाहरु लेख्ने गर्छु । सानैदेखि साहित्यमा रुचि भएर होला मलाई पढ्न, लेख्न एकदमै मन लाग्छ । म नेपालका थुप्रै लेखकले लेखेका किताब, लेख साहित्यहरू पढ्ने गर्छु फुर्सदको समयमा ।

**साहित्य, लेख गजल, मुक्तक कसरी लेख्नुहुन्छ ?**

म साहित्य, लेख, गजल लेख्दा भावमा डुबेर लेख्छु र फिल दिएर बाचन गर्ने गर्छु । भावमा डुब्दा कुन बेला कस्ता साहित्य, गजल, लेखहरू फुर्छन् थाहा नै हुँदैन् । गजल, साहित्य, मुक्तक लेख्नु भनेको कल्पना गर्नु हो कल्पना गर्दा कुनै बेला लेख, गजल, मुक्तकहरु यतिकै फुर्छन् कुनै बेला जति लेख्छु भनेर सोच्दा पनि फुर्दैन्न् । त्यसैले म साहित्य सिर्जन गर्दा समय परिस्थिति अनुसार आफ्नै दुख् सुखको बारेमा लेख्ने गर्दछु ।

*भन्दै रामेछापका राम चन्द्र खड्का जन आकाश मिडियासँग बताउँछन् ।*

# चार युवा मिलेर १८ रोपनी जमिनमा बेसार खेती



काठमाडौं- डोटीको दिपायलका चार युवाले व्यावसायिक बेसारखेती सुरू गरेका छन् । युवा तेज द्वारिया, कैलाश खड्का, दीपक साहु र शैलेन्द्र खड्काले दिपायल सिलगढी नगरपालिका-३ स्थित बान्नेकोटमा करिब १८ रोपनी जमिनमा बेसारखेती सुरू गरेका हुन् ।

वर्षौंदेखि बाँझो रहेको जमिनलाई उपयोगमा ल्याउँदै युवाले यस वर्षदेखि व्यावसायिक बेसारखेती सुरु गरेको जनाएका छन् । चारै जना युवा अन्य पेसामा पनि आवद्ध छन् । द्वारिया शिक्षक, दीपक र कैलाश इलेक्ट्रिसियन तथा शैलेन्द्र उद्योगी हुन् ।

प्रायः आफ्नै काममा व्यस्त हुने् यी युवाले बाँकी समय सदुपयोग गर्दै व्यावसायिक बेसारखेती गर्ने योजना बनेको युवा शैलेन्द्र खड्काले बताए ।

'एक दिन चिया गफकै क्रममा यो योजना बनेको हो । योजना कार्यान्वयन गर्न जमिनको समस्या थिएन र बीउको खोजी भयो । जिल्लामा आवश्यक बीउ पाइने स्थिति नभएपछि सल्यानबाट ल्याएरका सुरु गऱ्यौं । अनलाइनका माध्यमबाट एक लाख बराबरको साढे १३ क्विन्टल बीउ ल्याएर रोपेका थियौं,' उनले प्रारम्भिक योजनाबारे सुनाए ।

दिनभरि आ-आफ्नै काममा व्यस्त भए पनि साँझ र बिहान समय व्यवस्थापन गरेर खनजोत र बेसार रोपेको पनि चार महिना पूरा भइसकेको छ । एकपटक बेसारको गोडमेल पनि भइसकेको छ । अहिले बेसार बिक्रीका लागि बजारको खोजी भइरहेको र त्यसका लागि केहीसँग सामान्य कुरा भए पनि ठोस निर्णय भइनसकेको खड्काले जानकारी दिए । उनले भने, 'अहिले पहिलो चरणमा साथीहरूका बीचमा बीउका लागि बिक्री गर्ने भन्ने कुरा चलेको छ तर निर्णय नै भइसकेको छैन, हामीले विकल्पका रूपमा ब्राण्डिङ गरेर बिक्री गर्ने सोच पनि बनाएका छौं ।'

उनीहरूले बेसारलाई मात्रै होइन पातलाई पनि प्रयोगमा ल्याउने योजना बनाएका छन् । बेसारको पातलाई खेर जान नदिएर टपरी बनाउने योजना पनि रहेको छ । बेसार मसलादार भएकाले यसको पातको टपरीमा खानेकुरा खादा राम्रो सुगन्ध आउने र खाना पनि राम्रो हुने् जनाइएको छ ।

कृषक तेज द्वारियाले बेसारको व्यावसायिक उत्पादनका लागि पहिलो चरणको काम सम्पन्न भएको र अब उत्पादनको बजार हेरेर थप योजना अगाडि बढाइने बताए । अपेक्षा गरेअनुसार कारोबार भएमा करिब ५० रोपनीमा खेती विस्तार गर्ने योजना रहेको उनले सुनाए ।

'हामीले खेती गरेको वरपरको ३०-३५ रोपनी जमिन खाली नै छ, त्यो जमिनवालाले पनि बेसार रोप्नुस् भनेका छन्, यो वर्ष राम्रो कारोबार भएमा अर्को वर्ष ५० रोपनीभन्दा बढी जमिनमा खेती विस्तारको योजना छ,' द्वारियाले भने ।

बेसारखेतीका लागि युवाहरूलाई कृषि ज्ञान केन्द्र डोटीले सहयोग गरेको छ । आर्थिक वर्ष २०८०र८१ को अदुवा तथा बेसारखेती क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत ज्ञान केन्द्रले बीउ खरिदका लागि रकममा ५० प्रतिशत अनुदान सहयोग गरेको कार्यालयका निमित्त प्रमुख गङ्गादत्त अवस्थीले बताए ।

# रामेछाप डायरी

## रामेछापका ३६ वटा उजुरी

**रामेछाप-** रामेछापका पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुले विभिन्न शीर्षकमा भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासमा ३६ वटा उजुरी दर्ता भएका छन् ।

पालिकाका निर्वाचित जनप्रतिनिधि र कर्मचारीको मिलेमतोमा सडक निमार्ण, भवन निमार्ण, औषधी खरिद र कर्मचारी भर्ना लगायतका कार्यहरुमा भ्रष्टाचार गरी कानुन विपरीत रकम असुलेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको हो ।

सबैभन्दा बढी उजुरी खाँडादेवी गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीविरुद्धका रहेका छन् खाँडादेवी गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीविरुद्ध १२ वटा उजुरी दर्ता भएका छन् । दर्ता भएका उजुरी मध्ये धेरैसजो उजुरी भ्रष्टाचार जन्य रहेका छन् ।

जसमा हालसम्म २ वटा उजुरी फर्स्योट भएको र बाँकी १० वटा उजुरी अनुसन्धानकै क्रममा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासका सूचना अधिकारी तुलसीराम पौडेलले जानकारी दिनुभयो । त्यसैगरी दोरम्वा शैलुङ्ग गाउँपालिकामा ११ वटा उजुरी दर्ता भएका छन् । उजुरी परेको सवैको अनुसन्धान कार्य भइरहेकाले एउटा पनि उजुरी फर्स्योट हुन् सकेको छैन ।




त्यस्तै मन्थली नगरपालिकामा ५ वटा उजुरी दर्ता भएकामा हालसम्म एक वटा मात्रै उजुरी फर्स्योट भएको अन्य उजुरीको हकमा अनुसन्धान प्रक्रिया चलिरहेको अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बर्दिवासले जनाएको छ ।

यसैगरी रामेछाप नगरपालिकामा २ वटा, उमाकुण्ड गाउँपालिकामा १ वटा, गोकुलगंगा गाउँपालिकामा १ वटा, सुनापति गाउँपालिकामा २ वटा र लिखु तामाकोशी गाउँपालिकामा २ वटा भ्रष्टाचार जन्य उजुरी दर्ता भएका छन् ।

यी सवै उजुरीको अनुसन्धान कार्य भइरहेको जनाइएको छ । अख्तियार कार्यालयमा दर्ता भएका यी उजुरीहरु मध्ये केही उजुरी गत आर्थिक वर्ष २०८०/०८१ मा जिम्मेवारी सरेर आएका र चालु आर्थिक वर्ष २०८१/०८२ को साउन र भदौ महिनामा दर्ता भएका गरी हालसम्म ३६ वटा उजुरी रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले जनाएको छ ।

## रामेछाप नगरपालिकाको पर्यटकिय सम्भावना



रामेछापको रामेछाप नगरपालिका प्राकृतिक रुपमा सुन्दर र ऐतिहासिक नगरपालिका हो । यो नगरपालिकाका धेरै ठाउँहरुमा धार्मिक ,ऐतिहासिक तथा पर्यटकीय स्थलहरु रहेका छन । ९ वटा वडाहरु रहेको यस नगरपालिका धार्मिक,ऐतिहासि र पर्यटकिय सुन्दरताले भरिपूर्ण छ ।

श्री स्वथानी व्रत कथामा भगवान शिवले श्रीमती सतीदेवीको मृत्यु भएपछि उनको मृत शरिरलाई बोकेर हिँड्ने क्रममा एउटा अंग पतन भएर उत्पती भएको केवलेश्वर महादेव मन्दिर पनि यहि नगरपालिकामै पर्छ । वडा नं ८ मा रहेको केवलेश्वर महादेव मन्दिर धार्मिक रुपमा प्रसिद्ध मन्दिर हो । यो मन्दिरमा पुजाआजा गरेर मागेको कुरा पुरा हुने् जनविश्वास छ ।

वडा नं ८ मै तिल्केस्थान गढी रहेको छ । राजा पृथ्वीनारायण शाहले अंग्रेज फौजसँगको लडाईका बेला यदि सिन्धुलीगढी किल्ला हारेमा त्यसको विकल्पका रूपमा तिल्केस्थान गढी (किल्ला) बनाउन लगाएका थिए भन्ने कुरा बुढापाकाहरु बताउछन । यदि सिन्धुली गढीबाट अंग्रेजहरु अघि बढेको खण्डमा तिल्केस्थान गढीबाट त्यसको प्रतिकार गर्ने उदेश्यले त्यहाँ ठूला ठूला बङ्कर बनाईएका थिए । ती बङ्करहरु अहिले पनि छन् ।

वडा नं ८ मै बालकन्या देवी र शिव पन्चायन मन्दिर रहेको छ । यि मन्दिरहरुमा पनि भक्तजनहरुको भिड लाग्ने गरेको छ । वडा नं ८ मै डान्सिङ्ग गणेश र डुकुरसिंङ्ग डाँडा समेत रहेको छ । सहिद पुष्पलाल तथा गंगालालको जन्मस्थल भंगेरी पनि यहाँको एउटा ऐतिहासिक ठाउँ हो । नगरपालिकाको वडा नं ९ मा भिमसेन थान मन्दिर रहेको छ । सदियौं पुरानो यो मन्दिरमा मागेको वर प्राप्त हुन् जनविश्वास छ ।

रामेछाप नगरपालिका ७ मा हायु जातिहरुले मान्दै आएको महाकाली देवीको मन्दिर छ । निकै ठलो रुखको फेदमा देवीको पुजाआजा हँदै आएको छ । आजभोली अन्य विभिन्न जातजातिका मानिसहरु पनि मनोकांक्षा पुरा हुने् जनविश्वासका साथ यहाँ आउने गरेका छन । सोही वडामा ताराखसे पोखरी,तारकेश्वर महादेवको मन्दिर पनि रहेको छ ।

जवानामा तारा खसेर बनेको विशाल पोखरीको केही स्वरुप अझै पनि देख्न सकिन्छ । पोखरी नजिकै तारकेश्वर महादेवको मन्दिर समेत निर्माण गरिएको छ । यो ठाउँ पनि उच्च पर्यटकीय सम्भावना बोकेको ठाउँ हो । वडा नं ७ मै भालुखोप डाँडा,भालुखोप भ्युटावर लगायतका विभिन्न पर्यटकीय स्थलहरु रहेका छन ।

वडा नं ६ मा गणेशटार मन्दिर रहेको छ । मन्दिर नजिकै पाप,धर्म छुट्टयाउने जनविश्वस सहितको एउटा विशाल ढुंगा रहेको छ । ढुंगाको चेपबाट पापी मानिसहरु छिर्न गर्न सक्दैनन् । धर्म गर्ने मानिसहरु मात्रै छिर्न सक्छन भन्ने पुरानो मान्यता छ । यो एउटा राम्रो धार्मिक तथा पर्यटकीय हिसाबले सम्भावना बोकेको ठाउँ हो ।

जुनार पकेट क्षेत्र यस वडामा घुम्न लायक जुनारको बगैँचाहरु रहेका छन । रामेछाप नगरपालिकाको वडा नं ४ मा घुमाउने पोखरी पर्यटकीय स्थल रहेको छ । मगर जातिहरुको बसोबास रहेको उक्त ठाउँमा हुने् हरेक कार्यक्रमहरु सोही ठाउँमा हुँदै आएको छ । यसभन्दा बाहेक अन्य वडाहरुको विभिन्न ठाउँमा मठ,मन्दिर,गुम्बा तथा चैत्यहरुको रहेका छन ।

पर्यटन प्रबर्द्धनमा रामेछाप नगरपालिकाको योजना

नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न धार्मिक,ऐतिहासि तथा पर्यटकीय ठाउँहरुको सम्बर्द्धन र संरक्षणमा

» बाकी ६ पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ९, २०८१ साल असोज ८ गते मंगलबार (Sep 24, 2024)

# ग्लोबल आइएमई बैंकका डेबिट तथा क्रेडिट कार्डबाहकलाई बिग मार्टमा १० प्रतिशत छुट




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले डेबिट तथा क्रेडिट कार्डबाहकहरुलाई प्रत्येक शनिबार बिग मार्टमा आफुलाई आवश्यक सर-समान खरिद पश्चात्को भुक्तानीमा १० प्रतिशत छुट प्रदान गर्ने भएको छ ।

बैंकको डेबिट तथा क्रेडिट कार्ड बाहकहरुलाई लावान्भित गर्ने गरी बैंकले बिगमार्टसंग सहकार्य गरी बिगमार्टका सम्पूर्ण स्टोरहरुमा १०% वा अधिकतम २०० सम्म छुट योजना ल्याएको छ । उक्त छुट योजना हरेक शनिबारका दिनमात्र लागू हुनेछ ।

ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न संघ-संस्थाहरुसँग समन्वय गरी यस्ता किसिमका योजनाहरु ल्याएर ग्राहकहरुलाई प्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको छ । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकले ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट सेवा प्रदान गर्दै आएको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

# नेशनल लाईफको "मिट द सिइओ" कार्यक्रम सम्पन्न






काठमाडौं- नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले मासिक स्किम अन्तर्गत तोकिएको लक्ष्य पुरा गर्ने अभिकर्ताहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृतसंग साक्षात्कार सहितको डिनर कार्यक्रम "मिट द सिइओ" सम्पन्न गरेकोछ ।

मधेश प्रदेशबााट योग्य भएका करिब ३० जना अभिकर्ताहरु, विभागिय प्रमुख, प्रदेश प्रमुख एवं शाखा प्रमुखहरुको सहभागितामा प्रमुख कार्यकारी अधिकृतले सहभागि सबै अभिकर्ताहरुलाई उहाँहरुको लगन परिश्रमको कदर गर्दै मायाको चिनो प्रदान गर्नु भएको थियो भने स्किममा व्यवस्था भए अनुरुप अर्लि क्वालिफायर विजेता र सर्टिपिकेट अफ एक्सिलेन्स प्राप्त गर्र्न सफल अभिकर्ताहरुलाई विशेष सम्मान गरिएको थियो ।

प्रमुख कार्यकारी अधिकृतले यस कार्यक्रममा छनौट हुन् सम्पुर्ण अभिकर्ताहरुलाई प्रदेश स्तरिय सम्मान गर्ने क्रममा मधेश प्रदेशबाट पहिलो सम्मान कार्यक्रम सम्पन्न गरिएको जानकारी गराउनु भयो । समारोहमा प्रमुख कार्यकारी अधिकृतले अभिकर्ताहरुको हितलाई मध्येनजर गर्दै समय सान्दर्भिक योजनाहरु प्रस्तुत गर्ने क्रममा मिट द सिइओ स्किम ल्याइएको र नेपालभर बाट ३०० भन्दा बढि अभिकर्ताहरु छनौट भएको र मधेश प्रदेशबाट मात्रै ३० जना अभकिर्ताहरु छनौट हुन् सफल भएकोले यो योजना अत्यन्तै सफल भएको बताउनु हुँदै यस स्किममा जोडिने सम्पुर्ण अभिकर्ताहरुलाई हार्दिक बधाई ज्ञापन गर्नुभयो ।

कार्यक्रममा सहभागि अभिकर्ताहरुले कम्पनीका प्रमुख कार्यकारी अधिकृत समक्ष बीमा व्यवसायमा भोगेका समस्या, गुनासा, कम्पनीले सुधार गर्नुपर्ने पक्षहरुका बारेमा विस्तृत रुपमा जानकारी गराउन पाएकोमा खुशी व्यक्त गर्नुभएको थियो ।

यस योजनाले अभिकर्ता र सिइओ दुवैलाई प्रत्यक्ष रुपमा जोडी अर्न्तक्रिया गर्ने अवसर जुराउँदा अभिकर्ता तथा कम्पनी दुवै पक्षलाई हित हुन् भएकोले यस प्रकारको योजना आगामी दिनहरुमा पनि ल्याउनु पर्ने सुझाव दिएका थिए ।

# फोनपेले "सुपर यात्रा" अभियानको घोषणा गर्यो

काठमाडौं- फोनपे, नेपालको प्रमुख डिजिटल भुक्तानी नेटवर्क, ले २ अशोज, २०८१ देखि सुरु हुन् प्रतिक्षित "सुपर यात्रा" अभियानको घोषणा गर्न पाउँदा उत्साहित छ ।

दशैं र तिहार चाँडै नजिकिँदै गर्दा, यो अभियानले हवाई टिकटको खरिदमा आकर्षक क्यासब्याक पुरस्कार प्रदान गरेर यात्रा अझ सस्तो र सुविधाजनक बनाउन लक्षित गरेको छ ।

"सुपर यात्रा" अभियानको अंशको रूपमा, नयाँ प्रयोगकर्ताहरूले पहिलो हवाई टिकट बुकिङमा रु ३०० क्यासब्याक प्राप्त गर्नेछन्, जबकि विद्यमान प्रयोगकर्ताहरूले टिकट खरिदमा रु. २०० क्यासब्याकको लाभ लिन सक्नेछन् । यी क्यासब्याक प्रस्तावहरूको अतिरिक्त, फोनपेले रोचक गिफ्टहरूको पनि घोषणा गरेको छ ।

एक भाग्यमानी विजेताले एक वर्षका लागि निःशुल्क हवाई टिकट प्राप्त गर्नेछन्, र हरेक हप्ता, पाँच भाग्यमानी सहभागीहरूले स्मार्टवाच जित्ने अवसर पाउनेछन्, जसले अभियानलाई अझ रोमाञ्चक बनाउँछ । यो पहल चाडपर्वको समयमा यात्रा मागको उच्च स्तरलाई पूरा गर्न र प्रयोगकर्ताहरूलाई हवाई टिकट बुकिङको लागि सहज र सस्तो डिजिटल भुक्तानी विकल्पहरू प्रदान गर्न डिज़ाइन गरिएको छ ।




सहज अनलाइन सेवाहरूको बढ्दो प्राथमिकतासँगै, फोनपे प्रयोगकर्ताहरूलाई हवाई टिकट बुकिङको लागि एक समर्पित, नगदरहित अनुभव प्रदान गर्न प्रतिबद्ध छ, यसको बृहत एयरलाइन साझेदार र यात्रा प्लेटफर्महरूको नेटवर्क मार्फत । "दशैं र तिहार नेपालमा प्रमुख यात्रा सिजनहरू हुन् ।

'सुपर यात्रा' अभियान मार्फत, हामी हाम्रा ग्राहकहरूलाई सस्तो र सुविधाजनक यात्रा विकल्पहरू प्रदान गर्न चाहन्छौं," फोनपेका सीएसओ सुभोद शर्माले भने ।

"क्यासब्याक प्रोत्साहन र गिफ्टहरूको माध्यमबाट, हामी ग्राहक सन्तुष्टि बढाउन र थप प्रयोगकर्ताहरूलाई डिजिटल भुक्तानी अपनाउन प्रोत्साहित गर्न चाहन्छौं ।"

# सहायक प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मी नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त



काठमाडौं- यस गरिमा विकास बैंक लिमिटेडको मिति २०८१ भाद्र ३१ गते सम्पन्न सञ्चालक समितिको बैठक नं. ३१२ को निर्णय नुसार यस विकास बैंकमा सहायक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत अनिल रेग्मी विकास बैंकको नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएकाछन् ।

विकास बैंकको सञ्चालक समितिले गरिमा विकास बैंक लिमिटेडमा विगत २ वर्षदेखि सहायक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत चार्टड एकाउन्टेन्ट अनिल रेग्मीलाई २०८१ आश्विन १ गतेदेखि लागू हुने् गरी नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय गरको हो । नवनियुक्त नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मी मिति २०८० चैत्र १५ गतेदेखि विकास बैंकको कम्पनी सचिवको जिम्मेवारी समेत सम्हाल्दै आएकाछन् ।

नव नियुक्त नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मीसँग तत्कालिन जनता बैंक लिमिटेड र तत्कालिन सेन्चुरी कमर्शियल बैंक लिमिटेडमा ११ वर्ष सहित बैंकिङ्ग क्षेत्रको व्यवस्थापन तहका रही करिब १३ बर्ष कार्य गरको अनुभव रहेको छ । बैंकिङ्ग क्षेत्रमा प्रवेश गर्नुपूर्व लेखापरीक्षण तथा कन्सल्टेन्सी पेशामा आवद्ध भएका अनिल रेग्मीसंग बैंकिङ्ग लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको लेखापरीक्षण कार्य गरको अनुभव समेत रहेको छ ।

काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडले काठमाण्डौं उपत्यका भित्र २२ सहित देशभर १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउण्टर र ५१ वटा (ATM) मार्फत ग्राहकहरुलाई सेवा प्रदान गर्दै आईरहेको छ ।

# ज्योति विकास बैंकद्वारा बालबालिकाहरुलाई कृत्रिम हात (Prosthetic hand) प्रदान



काठमाडौं- ज्योति विकास बैंकले ई-नेबल नेपाल नामक संस्थासँगको सहकार्यमा ६ जना बालबालिकालाई थ्रि डी प्रिन्टेड कृत्रिम हात हस्तान्तरण गरेको छ ।

आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्थापना गरेको हाम्रो विकास प्रवर्द्धन कोष मार्फत बैंकले उक्त कार्य गरेको हो । ई-नेबल नेपालको कार्यालय परिसरमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकले उक्त कृत्रिम हातहरु ६ जना आवश्यकता भएका बालबालिकालाई प्रदान गरिएको छ ।

प्रदान गरिएका कृत्रिम हातहरुले बालबालिकालाई सामान्य दिनचर्याका काममा सहयोग हुनुको साथै बालबालिकाको मनोबल र आत्मविश्वास उच्च राख्न सहयोग हुने् विश्वास बैंकले राखेको छ । हालसम्म बैंकले यस्ता कृतिम हातहरु २६ जना बालबालिकालाई प्रदान गरि उनीहरुको जीवन रुपान्तरण गर्न सहयोग गरिसकेको छ ।

ज्योति विकास बैंकले आफ्नो १६औ वार्षिकोत्सवको अवसरमा ई-नेबल नेपालसंग सहकार्य गरी १६ जना बालबालिकाको लागि कृत्रिम हात निर्माण गर्ने र प्रदान गर्ने घोषणा गरेको थियो । उक्त सहकार्य सम्झौता अनुरुप पहिलो चरणमा जम्मा ६ जना बालबालिकाहरुलाई कृत्रिम हात प्रदान गरिएको छ । 3D प्रविधि प्रयोग गरी बनाइएको कृत्रिम हातहरु हलुका हुनुको साथै औंलाहरू चलाउन पनि मिल्ने तवरले इञ्जिनियरिङ गरिएको छ ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ़ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले हरेक वर्ष ४६ वटा यस्ता उपकरणमार्फत करिब १६८० भन्दा बढी नेपाली शिशुहरुलाई यो सुविधा उपलब्ध गराई वहाँहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ ।

साथै हालसम्मको योगदानले करिब ८५०० भन्दा बढी शिशुहरु प्रत्यक्ष रुपमा यस सेवाबाट लाभान्वित भएका छन् । यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ ।

ज्योति विकास बैंकले हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा ATM मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ

# धनुषामा युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजको उद्योग शुभारम्भ

काठमाडौं- धनुषाको मिथिला नगरपालिका वडा नम्बर ३, लालभित्तीमा युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजको उद्योग शुभारम्भ भएको छ ।

शनिबार एक कार्यक्रमकाबीच मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र भिडोल इन्टरनेसनल, युकेका डाइरेक्टर अरिजित वासुले सो उद्योग समुदघाटन गरे ।

सो अवसरमा मुख्यमन्त्री सिंहले मधेश प्रदेश स्रोतमा धेरै धनी भएको र यसको सदुपयोग गरेर नेपाललाई समृद्ध बनाउनका लागि धेरै कार्य गर्न सकिने बताए । दैनिक रुपमा बढ्दो प्रविधि र प्रयोगसँगै अटोमोबाइल इन्ड्रस्ट्रीको दायरा समेत बढ्दै गएकोमा लुब्रिकेन्ट जस्तो अत्यावश्यकीय वस्तुको उत्पादन नेपालमै शुरु हुनु ठूलो सफलता रहेको मुख्यमन्त्री सिंहले बताए ।

लुब्रिकेन्ट उत्पादनसँगै नेपालमा रोजगारी सिर्जना र आर्थिक उत्पादनमा कम्पनीले ठूलो सहयोग पुर्याउने उनले विश्वास व्यक्त गरे । भिडोल इन्टरनेसनल, युकेका निर्देशक अरिजित वासुले नेपालमा लुब्रिकेन्ट बजारमा निकै प्रतिस्पर्धा भए पनि गुणस्तरीय उत्पादन भए पछि सबैको रोजाइमा पर्ने र रोजगारी समेत सिर्जना हुन् बताए । उनले यो स्तरको प्लान्ट बनाएर लुब्रिकेन्ट उत्पादन गर्नु नेपालको लागि गौरवको विषय समेत भएको बताए ।

युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजका डाइरेक्टर दिपेन्द्र कुमार मिश्रले करिव ५० करोडको लागतमा निर्माण भएको उद्योगबाट उत्पादन हुने् लुब्रिकेन्ट, ग्रिज र अन्य उत्पादन विदेशबाट आयात गरेको भन्दा केही कम मूल्यमै उपलब्ध हुने् बताए ।

युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजका डेपुटी जनरल म्यानेजर दिनेश खनालले सो उद्योगबाट हुन् लुब्रिकेन्ट उत्पादन प्रक्रियाको समग्र प्रक्रिया वारेमा जानकारी प्रदान गरे । १ लाख ७५ हजार ८७६ वर्गफिट क्षेत्रफलमा फैलिएको सो उद्योगमा २० लाख लिटर क्षमताको स्टोरेज रहेको छ । यहाँ मासिक रुपमा प्रतिसिफ्ट १ लाख लिटर लुब्रिकेटिङ आयल उत्पादन गर्न सकिन्छ ।

उद्योगले आवश्यक कच्चा पदार्थ भारतबाट आयात गर्छ र तयारी लुब्रिकेन्ट नेपाली बजारमा बिक्री गर्छ । कारखानाले दुई लाख लिटर लुब्रिकेन्ट स्टोरेज ट्यांक बनाएको छ ।

हाल सो उद्योगमा युकेको प्रतिष्ठित लुब्रिकेन्ट ब्रान्ड भिडोलको उत्पादन समेत शुरु भएको छ । यो भन्दा पहिले नेपाली ब्रान्ड 'नेपाल गोल्ड' लुब्रिकेन्ट समेत यहाँबाट उत्पादन भइरहेको छ ।

सो उद्योगमा सम्भव भए सम्म स्वदेशी कच्चा पदार्थ नै प्रयोग गरिने बताइएको छ । यहाँ करिव ५० जनाले रोजगारी पाएका छन् । भारत र वेलायतबाट आएका प्राविधिकहरूले उद्योगका कामदारलाई प्रशिक्षण दिइरहेका छन् ।

बेस आयल र एडिटिभ्सको समिश्रण गरी लुब्रिकेन्ट बनाइन्छ । जसमा एडिटिभ्सको अनुपात गुणस्तर अनुसार ४ देखि १२ प्रतिशत रहन्छ ।

# संस्कृतिलाई विदेशमा पनि नेपालमा जस्तै उतिकै महत्व दिइदो रहे छः रसाल




काठमाडौं- कृष्ण रसाल नेपाली नृत्य क्षेत्रमा स्थापित नाम हो । उनको कोरियोग्राफमा रहेका थुप्रै गीत लोकप्रिय छन् । नेपालमा मात्र नभएर उनी देश बाहिर पनि नेपाली कला संस्कृति चिनाउन लागि परेको देखिन्छ । उन्ले नेपाली संस्कृतिलाई विभिन्न देशमा प्रदर्शन गरेर देशको पहिचानलाई टेवा दिएका छन् ।

हालसालै रसालको टिमले युरोप यात्रा गरेको थियो उक्त टिमले अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामा सहभागी भएर नेपाल फर्किएको छ । जहाँ उनको टिमले त्यहा कलाकारलाई आफ्नो लोकनृत्य सिकायको थियो । रसालका अनुसार युरोपका विभिन्न देशका लगभग तीनसय जति कलाकारलाई नेपाली नृत्य सिकाएको जानकारी दिएका हुन् । रसालसहित नृत्य निर्देशक जोगेन्द्र केसी लगायतका उनको टिममा रहेका थिए । उनिहरूले त्यहाँ नेवारी, झ्याउरे र तामाङ सेलोलगायतका नृत्य त्यहाँका कलाकारलाई सिकाइएको थियो ।

सांस्कृतिक मेलामा फ्रान्स, स्पेशन, पोल्यान्ड, बुल्गेरिया, पोलिभिया, मलाबी बोस्निया हर्जगोभिना, ब्राजिल, इटाली, स्पेनसहित नेपालका कलाकार हरूले आ-आफ्ना देशका लोकनृत्य प्रस्तुत गरेका थिए । एभरेष्ट नेपाल कल्चरल ग्रुपका प्रमुख रामचन्द्र कोईरालाको संयोजकत्वमा निर्देशक सीतल आचार्य, उत्तम शर्मा, बाल कलाकार सिराज कोइराला लगायत १७ जना कलाकारको टोली युरोप पुगेर फर्किएको हो ।

अन्तर्राष्ट्रिय लोक सांस्कृतिक महोत्सवमा नेपाली कलाकारले मारुनी, थारु, तामाङ सेलो, झ्याउरे टप्पा जस्ता विभिन्न नृत्यहरु प्रस्तुत गर्दै आएको निर्देशक रसालले जानकारी गराएका हुन् । केही महिनाअघि एभरेष्ट नेपाल कल्चर ग्रुपले नेपालमा आयोजना गरेको अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामा नेपाल, युरोपसहित १२ मुलुकका कलाकारले लोक नृत्य प्रस्तुत गरेका थिए । नेपालमा आएका तिनै युरोपका स्पेन र फ्रान्सका कलाकारहरूको निम्तामा लोक सांस्कृतिक नृत्य प्रस्तुतका लागि आफूहरु युरोप पुगेर फर्किएका मध्य एक कृष्ण रसालले जानकारी दिएका हुन् ।

उनका अनुसार नेपाली संस्कृतिलाई विदेशमा पनि नेपालमा जस्तै उतिकै महत्व दिइदो रहेछ । हाम्रो युरोप भ्रमणमा त्यो महसुस गर्न पायौ ।

# नेपाल प्राकृतिक, सास्कृतिक रुपमा धनी छ, नेतृत्वमा दरिद्र छ : झलनाथ खनाल

मोहन कार्की-

काठमाडौं- काठमाडौंको पद्मम कन्या क्याम्पस हातभित्र डेनिस हलमा भएको पगतिशील लेखक संघको ७३ औं वार्षिकोत्सवमा प्रमुख अतिथिको रुपमा आएका पूर्व प्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका वरिष्ठ नेता झलनाथ खनालले नेपाल प्राकृतिक, सास्कृतिक अन्य धेरै कुरामा धनी छ भनेका हुन् । खनालले, 'मैले अध्ययन गरेका ९३ देशको तुलनामा नेपाल स्रोत साधनले धनी छ' तर देशको नेतृत्व गर्नेहरुको सोच दरिद्र छ' भन्दै यस्तो धराणा राखेका हुन् ।



उनले अर्को एक प्रशंङगमा नेपालका बामपन्थी पार्टीहरु बीच एकता सम्भव छ अहिले पनि केही बिग्रेको छैन । विगतमा मदन भण्डारीले उठाएको जवज वोकेर हिडेका साथीहरुलाई सुझाव दिदै भने, त्यतिवेला परिस्थिति अनुसार जवज बोकेर हिड्नु ठिक थियो । तर अहिले त्यो जवजले निर्देशन गरेको वाटो २०६२/६३ को आन्दोलन र परिवर्तनले क्रान्ति नै पुरा भईसकेको हुनाले अव समाजवादी क्रान्तिको कार्यक्रम अगाडी राखेर कार्यक्रमको आधारमा अगाडी बढ्नुपर्ने बताएका छन् ।

सोही कार्यक्रमको अवसर पारेर बाम चिन्तकको रुपमा पुर्व प्रधानमन्त्री खनाललाई सम्मान पत्रले सम्मानित गरेको थियो ।

सोहि अवसर पारेर चार जनलाई पुरुस्कार तथा सम्मान पत्रले सम्मानित गरिएको छ । सम्मानित हुने्हरुमा नानीमैया अधिकारी प्रलेस बाल साहित्य पुरुस्कार तथा सम्मान, पुन्य खरेललाई प्रलेस श्याम शर्मा स्मृति सम्मान तथा पुरुस्कार, समष्टि बुढालाई युवा प्रतिभा सम्मान तथा पुरुस्कारले सम्मानित गरिएको छ ।




उक्त कार्यक्रममा अतिथिको रुपमा आएका नेपाल प्रज्ञाप्रतिष्ठनका कुलपति भुपाल राईले सम्बोधनको क्रममा नेपाल प्रज्ञाप्रतिष्ठान सवैको साझा प्रतिष्ठान हो । यस संस्थामा सवैको लेखन अटाउनुपर्छ । भन्दै अर्को विषयमा पहिचानको पक्षमा नहुने् साहित्य प्रगतीशिल हुन्छकि हुदैन भन्दै प्रतिप्रश्न पनि गरेका थिए । प्रगतिशील हो कि प्रगतिवाद हो । यस्ता विषयमा गहन छलफल हुनुपर्ने धारणा राखेका छन् ।

त्यसैगरी अतिथिको रुपमा नै आएका प्रलेसका सस्थापक तथा एमालेका नेता रघुजी पन्तले कालखण्ड अनुसार मानवीय सोच, चेतना भूगोलको अवस्था सवै क्षेत्र अनुसार फरक पर्ने र अहिले कुनैपनि जातिको ओर्जिनालिटि नरहेको र सवैभन्दा जेनेटिकको आधारमा एक अध्ययनले बाहुन् जातिहरु धेरै प्रतिशत खलबलिएको देखिन्छ यसरी जातिय आधारमा हेर्ने हो भने बहुन् जाति नै अल्पमतमा पर्न थालेको हुनाले वर्गीय रुपलाई प्रथामिकतामा राखेर जानुपर्ने धारणा राख्दै प्रलेस खुल्ला हुनुपर्ने प्रलेस विगत देखिनै साझा मोर्चाको रुपमा रहेको र अफ्नो कार्यकालमा पनि यस्तै कार्य गर्दै आएको हुनाले आउदा दिनमा अझै धेरै प्रजातान्त्रिक धारणा राख्ने लेखकहरुलाई समेत समेटेर लान आग्रह गरेका छन् । उनले राजनीति, सास्कृतिक संसारमा काही पनि स्थीर रहदैन । तर नेपालमा लामो समय पार्टीका व्यक्तिहरुले सत्तामा बसिरहदा अहिलेका युवापुस्ताले सक्षमताको आधार मा, योग्यताको आधारमा नयाँ तरिकावाट नयाँ पार्टी खोलेर नयाँ ढंगवाट देश र जनताको काम गर्न आट गर्नुपर्छ अर्को एउटा यस्तो महत्वपूर्ण शिक्षा क्षेत्रमा आफ्नो नेपाली भाषा बोल्दा दण्डित हुने् देशमा कसरी भाषा र सस्कृतिको सरक्षण हुनछ भन्दै सम्बोधनको क्रममा अभिव्यक्ति दिएका हुन् । कार्यक्रममा पुर्व अध्यक्षहरु जिवेन्द्रदेव गिरी, डा.अमर गिरी, मातृका पोखेलले पनि आफ्नो धारणा राखेका थिए ।

सम्मानित हुने्हरुवाट पुन्य खरेलले आफ्नो भनाई राखेका थिए । भने रक्तिम सांस्कृतिक परिवारका धनराज आश्रितले अवसरवादको नत जात हुन्छ । नत रुप हुन्छ बोलको गीत गायर सुनाएका थिए ।

सम्मान पत्र र पुरुस्कारको वारेमा प्रलेसका उपाध्यक्ष समिर सिहले सम्मानित हुने् व्यात्तित्वहरुको वारेमा व्यात्तित्व विवरण प्रस्ट्याएका थिए ।

स्वागत मन्तव्य प्रलेसकै केन्द्रीय सदस्य बिजुला कार्कीले गरेकी थिइन ।

कार्यक्रमको संचालन प्रलेसका महासचिव देवीप्रसाद दुलालले प्रगतिशील लेखक सघको मर्म भावना अवस्था र आउदा दिनमा गरीने कार्यक्रमको वारेमा प्रस्ट्यादै उत्कृष्ट ढङ्गबाट गरेका थिए ।

कार्यक्रमको सभापति तथा प्रगतिशील लेखक सघका अध्यक्ष समेत रहेका मधुसूदन गिरीले कार्यक्रम समापन गर्नु अगावै कतिपय विशयहरु हाम्रो सिमाभन्दा बाहिर छन हामिले चाहेर पनि सावधान गर्न सक्दैनौं । ति भनेका सविधान बनाउने कुरा व्यवस्था फेर्ने कुरा राजनीतिक क्षेत्रमा लागेर महत्वोपुर्ण पदमा पुगेका ब्यात्तित्वहरुले मात्रै अर्न सक्छन् । हामिले साहित्यको क्षेत्रवाट समाजलाइ जोडने प्रगतिपथमा हिडन प्रेरित गर्ने हो ।


धेरैजति साहित्यकार श्रष्टाहरु पुर्वतिरको देख्छु । म मात्रै पशिचम्को जस्तो लाग्यो । त्यसैको लागि गणतन्त्र जो पिछडिएको कर्णाली, लगायत क्षेत्रहरुलाइ समेटन आरक्षणको व्यवस्था गरीएको तर आरक्षण दुरुपयोग भएको छ । यस्ता विशयमा हामि लेखकहरुले खवदारी गर्नुपर्छ ।

यो ७३ औ वार्षिकोत्सवमा हाम्रो निमन्त्रणालाइ स्वीकार गरी पाल्नुभएका सवै व्यत्तित्वहरुलाइ हार्दिक धन्यवाद भन्दै कार्यक्रम समापन गरेका थिए ।

कार्यक्रम शान्त सिष्ट प्रगतिशील स्वभावको नै भएको छ । कार्यक्रम अवधिभर कोहि पनि कार्यक्रम छोडेर हिडेका देखिएनन ।

# खेलकुद

## एरिकाको अर्को ऐतिहासिक उपलब्धि



काठमाडौं- एरिका गुरुङ २० औं एसियाली सिनियर कराँते च्याम्पियनसिपमा आइतबार स्वर्ण जित्न त असफल रहिन् तर त्यस प्रतियोगिताको प्रदर्शन आफैंमा ऐतिहासिक रह्यो ।

चीनको हाङचाउमा भएको प्रतियोगिताको महिला ६८ केजी तौल समूहमा नेपाली कराँते खेलाडी भियतनामकी नाओन थी नुयेनसँग ६-० ले पराजित भइन् ।

यस्तोमा उनी रजत पदकमै सीमित रहिन् । तर एसियाली कराँतेको सबैभन्दा ठूलो प्रतियोगितामा नेपालले पदक जितेको यो नै पहिलो पटक हो । एक वर्षअघि हाङचाउमै भएको १९ औं एसियाली खेलकुदको कराँतेमा पनि उनले रजत पदक जितेकी थिइन् । यी दुई रजत पदकको उपलब्धिसँगै उनी नेपाली कराँतेका अहिलेसम्मकै सबैभन्दा सफल खेलाडी पनि सावित भएकी छन् ।

एरिकाले सेमिफाइनलमा थाइल्यान्डकी केवालिन सोङक्लिनलाई ८-० ले पराजित गरेकी थिइन् । त्यस अगाडि उनले क्वाटरफाइनलमा काजकिस्तानकी सोफिया बेरुल्टसेभालाई हराएकी थिइन् । यस्तै उनले प्रि-क्वाटरफाइनलमा फिलिपिन्सकी इसाबेल अरिएन्ने ब्रिटोलाई ४-० ले पन्छाएकी थिइन् ।

सोफिया तिनै खेलाडी हुन्, जसले एरिकालाई १९ औं एसियाली खेलकुदको फाइनलमा ३-० ले पराजित गर्दै स्वर्ण जितेकी थिइन् । उनीविरुद्धको खेल यसपल्ट १-१ को बराबरीमा रहेपछि एरिकाले नै पहिलो अंक जोडेको आधारमा विजयी घोषित भएकी थिइन् । एरिकाको यो पाँचौं अन्तर्राष्ट्रिय सहभागिता हो र त्यसमध्ये कुनै पनि प्रतियोगितामा एरिका पदकविहीन भएकी छैनन् ।

एरिकाले इन्डोनेसियाको जकार्तामा भएको १० औं विश्व सितोरियो कराँते च्याम्पियनसिपमा स्वर्ण, १९ औं एसियाली खेलकुदमा रजत, अमेरिकाको टेक्ससमा भएको यूएस ओपन कराँते च्याम्पियनसिपमा स्वर्ण र रजत तथा भुटानको थिम्पुमा भएको आठौं दक्षिण एसियाली कराँते च्याम्पियनसिपमा स्वर्ण जितेकी थिइन् । सबै प्रतियोगिता पछिल्लो एक वर्षको अवधिमा भएका हुन् ।

## वाग्मतीको भाग्यमानी जित

काठमाडौं- वाग्मतीले एन्फा वुमेन्स लिगमा आइतबार भाग्यमानी जित निकालेको छ । सातदोबाटोको एन्फा कम्प्लेक्समा भएको खेलको अन्तिम क्षणमा गिफ्टी एचेमापोङले गरेको गोलको मद्दतले वाग्मतीले कर्णालीलाई १-० ले हराएको हो । गोलरहित बराबरीतर्फ

यो जितपछि वाग्मतीको सात खेलबाट सातै अंक भएको छ । उसको यो दोस्रो जित मात्रै हो र टिमले यसअघिका चार खेलको गोल खडेरीलाई पनि यसपल्ट तोडेको छ । कर्णाली भने चार अंकमा सीमित रहेर पुछारबाट दोस्रो स्थानमा रह्यो । जितले वाग्मतीको शीर्ष पाँचको झिनो गणितीय सम्भावना कायम रह्यो ।

यो खेलसँगै प्रतियोगिताका सातौं चरणका खेल समाप्त भएका छन् । एपीएफ १९, आर्मी १६ र पुलिस १५ अंकमा शीर्ष तीन स्थानमा छन् । उनीहरू शीर्ष पाँचमा रहेर लिगको दोस्रो चरण पुग्ने निश्चित भइसकेको छ । अब बाँकी दुई स्थानका लागि प्रतिस्पर्धा हुन्छ र यसमा वालिङ र कोशी अगाडि छन् ।

वालिङ १२ अंकमा चौथोमा छ भने कोशी १० अंकमा पाँचौं स्थानमा छ । त्यस पछाडि संकटाको आठ तथा वाग्मती र चन्द्रपुरको समान सात-सात अंक छ । सुदूरपश्चिम बिनाकुनै अंक पुछारमा छ । अब आठौं चरणमा चन्द्रपुरले कोशी, एपीएफले सुदूरपश्चिम, आर्मीले वालिङ, संकटाले वाग्मती तथा पुलिसले कर्णालीको सामना गर्नेछ ।


चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।

◆ मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।

◆ काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।

◆ बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।

◆ मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड २०८१ को उत्कृष्ट पाँच घोषणा



काठमाडौं- तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड २०८१ को उत्कृष्ट पाँच घोषणा गरिएको छ । ठमेल ज्याठामार्ग स्थित राज श्री डान्स एकेडेमीको हलमा घोषणा कार्यक्रम सम्पन्न भएको हो ।

एक्टिभ म्युजिक प्रा.लि.का प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेको शभापतित्वमा भएको कार्यक्रमको प्रमुख अतिथि नेकपा (माओवादी केन्द्र)का नेता तथा नेपाल सरकारका पुर्व संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्य मन्त्री परशुराम तामाङ रहनु भएको थियो भने कार्यक्रम संचालन गायीका रासी रिजालले गर्नु भएको थियो ।

कार्यक्रममा सुप्रिम बोर्डिङ स्कुल सामाखुसीका प्रिन्सिपल ओमकार लम्साल; वरिष्ठ समाजसेवी राजु कार्की; संगीतकर्मी संघका पुर्व अध्यक्ष राजेन्द्र कुमार कार्की; संगीतकार रमेश परियार; ध्वनी मिश्रण तथा साउण्ड ईन्जिनियर मनोज परियार; श्रृजनसिल अपांग पुनर्स्थापना केन्द्र बिशेष विद्यालयकी अध्यक्ष दुर्गा लम्साल; मिडियाकर्मी दुर्गा ओझा न्यौपाने लगायतका व्यक्तित्वहरुको बिशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रलाई प्रायोजकको रुपमा बिरुवा गाउँपालिका स्याङ्जा; बिरुवा गाउँपालिका वडा नं. ६ स्याङजा; हरिनास गाउँपालिका स्याङजा; गरिमा बिका बैंक लिमिडेड; मुक्तिनाथ बिकास बैक लिमिटेड; भट्ट रियल स्टेट एण्ड हाउजिङ प्रा.लि.; डिजिटल काठमाडौं; सुप्रिम बोर्डिङ स्कुल सामाखुसी; मुस्कान ओभरसिज सामाखुसी; सोदिप ट्राभल्स एण्ड टुर्स गोंगबु; वेलकम ईन्टरनेशनल; सुटमाला बागबजार ले सहयोग गरेको छ भने मिडिया पार्टनरको रुपमा सारखबर डटकम; मिलाप न्युज; रंग दर्पण; जनआकाश साप्ताहिक तथा नेपाली मिडिया अनलाईन टिभि रहेको छ ।

कार्यक्रमको प्रशासनिक सपोर्टको कार्य सोसलमिडिया एण्ड लिगल सर्भिसले गरेको छ । सुप्रिम बोर्डिङ स्कुल सामाखुसीका प्रिन्सिपल ओमकार लम्सालले कलाकारीता क्षेत्रमा लागेकाहरुको उज्वल भविश्यकालागि सक्दो सहयोग गर्ने भन्दै कार्यक्रम सफलताको शुभकामना ब्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा शुभकामना मनतब्य राख्दै संगीतकर्मी संघका पुर्व अध्यक्ष राजेन्द्र कुमार कार्कीले यो कार्यक्रमको मुख्य नाराको रुपमा रहेको "अग्रजलाई सम्मान अनुजलाई प्रोत्साहन; मौलिक गीत संगीत तथा कला संस्कृतिको संरक्षण गर्ने हाम्रो अभियान" नै हृदय स्पर्सी भएको बताउनु भयो । आईटिले बिश्व बजारलाई आफ्नो कब्जा गर्नै लाग्दा हामिले पनि आफ्नो स्तर उन्नति गरेर हाम्रा श्रृजनालाई विश्व बजारमा प्रतिस्पर्धा गर्न बनाउनु आजको आवश्यकता रहेको उहाँले बताउनु भयो ।

कलाकारहले कलाकारीताको माध्यमबाटै उत्कृष्ट जिवन यापन गर्न सक्ने वातावरण बनाउन सरकारले र राज्य सत्ताले नितीगतरुमै सुधार गर्नुपर्ने तथा अधिकार सम्पन्न बिकासबोर्ड बनाएर गीत संगीतको पनि सेन्सर गरेरमात्र बजारमा ल्याउनु पर्नेमा कार्कीले जोड दिनुभएको थियो ।

कार्यक्रममा शुभकामना मन्तब्य राख्दै प्रमुख अतिथि पुर्व संस्कृति; पर्यटन तथा नागरिक उड्डयन मन्त्री परशुराम वाईबा तामाङले पछिल्लो समय कलाकारीतालाई प्रोत्साहनहुने खालका रोयल्टी लगायतका केहि सुधारका पक्षमा कार्य भएपनि अझ अपुग भएकोमा आफु चिन्तित भएको बताउनु भयो ।

यो क्षेत्रमा लागेका बरिष्ठ ब्यक्तित्वहरु समेत औषधि उपचार गर्न नसकेर अकालमा ज्यान जोगाउनु परेको भन्दै कमसेकम राज्यले कलाकाहरुको स्वास्थ्य बिमा गरिदिन सके धेरै राहत पुग्ने उहाँले बताउनु भयो । कलाकारीता संग सम्बन्धित रहेर खुलेका संघ संस्थाहरुले पनि अक्षय कोष र भलाई कोष मार्फत यो क्षेत्रमा योगदान पुर्‍याएका ब्यत्तिहरुको संरक्षण गर्नु पर्नेमा तामाङले जोड दिनु भएको थियो ।

एक्टिभ म्युजिक प्रा.लि.का प्रबन्ध निर्देशक तथा कार्यक्रमका शभापति बिजेन्द्र नौबागेले यो कार्यक्रम कम्पनि या आफ्नो लागि भन्दापनि समग्र गीत संगीत क्षेत्रलाई माथि उठाउन र यो क्षेत्रमा लागेका सर्जक; गायक; गायीका; एरेन्जर; मोडल लगायतलाई प्रोत्साहन गर्न आयोजना गरिएको बताउनु भयो ।

कार्यक्रम मार्फत सर्जक सष्टाका प्रतिभाहरुलाई प्रचार प्रसार गराएर आम दर्शक श्रोता सम्म पुर्याउन यो कार्यक्रले निकै महत्वपुर्ण भुमिका निर्वाह गरेको उहाँको भनाई रहेको थियो ।

कार्यक्रममा २७ बिधामा रहेका उत्कृट पाँच घोषणा गर्दै प्रमुख अतिथि तथा बिशिष्ठ अतिथिहरुको हातबाट प्रमाणपत्र वितरण गरिएको थियो ।

उत्कृष्ट पाँचमा परेका बिधा र पात्रहरु यस प्रकार छन् ।

**सर्वोत्कृष्ट राष्ट्रिय भाव गीत**

रुपक डोटेल; मोहन कार्की; दिपक बि.सी.; बिवेक पौडेल; नबराज जङ्ग थापा

**सर्वोत्कृष्ट आधुनिक गीत गायक**

सि.डि.बिजय अधिकारी; गोविन्द मधुर आचार्य; प्रताप दास; टिका बम्जन; गंगाधर पराजुली

**सर्वोत्कृष्ट आधुनिक गीत गायीका**

जुनु रिजाल; सदिक्षा कट्टेल; एलिजा सिवाकोटी; अनु चौधरी; समिक्षा अधिकारी

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत गायक**

चन्द्र परियार; अर्जुन दर्लामी मगर; यज्ञ सापकोटा; बिजय सुनाम प्रशान्त परियार

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत गायीका**

पुर्णकला बि.सी.; सुनिता बुढा क्षेत्री; कविता खत्री; सुमित्रा कोईराला; माया पार्दे

**सर्वोत्कृष्ट आधुनिक गीत नव गायक**

गोपाल सुनाम; शिव सागर खड्का; एनिस एन्जल राई; नमोल प्रकाश; ईवेस तिरुवा

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत नव गायक**

कृष्ण प्रसाद गौतम; धुर्व रेग्मी; हाकिम सुनार; सुरज अगस्ती; पुस्कल छिनाल; अभिषेक लम्साल

**सर्वोत्कृष्ट आधुनिक गीत संगीतकार**

सुर्यस् गैरे; शन्तोष श्रेष्ठ; शिसिर साधक; दिवान किनार; सुप्रिम राज विश्वकमा

**सर्वोउत्कृष्ट आधुनिक गितकार**

शंकर अधिकारी (घायल); डा.रमिल अधिकारी; गोविन्द भट्ट; आरती परियार; दुर्गा थापा

**सर्वोउत्कृष्ट लोक; आधुनिक; पप; र्याप गायक**

लोकमान मोक्तान; मनिष श्रेष्ठ; सुरेस राना; चन्द्र शेखर साही; केशब तामाङ (लिल ब्रो)

**सर्वोउत्कृष्ट मौलीक संस्कृती गीत**

खेम पुन; मञ्जु विक; लम्जुङ्ग ठाडो भाका; दिनेस डाँगी; बिन्दु बिहानी; रञ्जना भुजेल

**सर्वोउत्कृष्ट तामाङ सेलो गित**

मनि तामाङ; प्रविन्स मोक्तान (पतमलाल लामा); सुर्य माम्वा; मरिचमान तामाङ (एमआरसी); शहभागी लामा

**सर्वोउत्कृष्ट लोक तथा दोहोरी शब्द संकलक**

घनस्याम रिजाल; सामना शाह; अर्जुन सुवेदी; कृष्णा बस्याल

**सर्वोउत्कृष्ट लोक तथा दोहोरी लय संकलन**

चन्द्र परियार; दिपक भट्ट; सुमन ढकाल; सुदिप परियार; मिन प्रकाश वली

**सर्वोउत्कृष्ट आधुनिक गित भिडियो निर्देशक**

दिपेन्द्र तिमल्सिना; राहुल बराईली; देवेन्द्र पाण्ड; प्रकाश धिताल; टेकेन्द्र कार्की

**सर्वोउत्कृष्ट लोक तथा दोहोरी गित भिडियो निर्देशक**

श्रृजन बराल (ऋषि); विशाल धिमिरे – मर्नी सुई लाई देउ; बिनोद सुन्दास; जीवन ज्ञवाली; राज कुमार मगर

**सर्वोउत्कृष्ट संगित संयोजक (एरेन्जर)**

सुनिल परियार; पुस्कर खत्री – मेरी मुना कृष्णा के.सी.; मदन के.सी.; अनमोल बस्नेत

**सर्वोउत्कृष्ट श्रङ्गार**

पार्वती सेवा; निर्मला आचार्य; सरिता मगर; बिमला तामाङ; मिना श्रेष्ठ

**सर्वोउत्कृष्ट छायात्कार**

बिरेन्द्र भट्ट; दुर्गा पौडेल; केशब अधिकारी; ग्यान कुमार कटेल; नरेस आर्य

**सर्वोउत्कृष्ट बाल कलाकार**

मञ्जली तामाङ; आरिया साही ठकुरी; गृष्मा भट्ट

**सर्वोउत्कृष्ट आधुनिक गीत भिडियो मोडल**

शिबन पोखेल; दिपेन्द्र सोनाम; आर्यन राउत; रमेस रस्तेल नेपाली; दिपेन्द्र राज गिरी; सञ्जिता खतिवडा; रेखा स्त्री; सुस्मिता श्रेष्ठ; निरुता शाही; सदिक्षा पाण्डे

**सर्वोउत्कृष्ट लोक तथा दोहोरी नव गायिका**

कला गुरुङ्ग; लक्ष्मी वि.सि.; कमला घर्ती मगर; साबित्री मगर; सुनिता सुनार; लक्ष्मी दाहाल

**सर्वोउत्कृष्ट लोक तथा दोहोरी गित भिडियो मोडल**

लोमस शर्मा; बिजय पुन; दिपेस एस.के.; प्रतिक सिङ् - मुग्लिन हुदै पोखरा; गोबिन्द बिबस

जुना गुरुङ; सविना मगर; कृष्मा सुवेदी (श्रीनुर); जुना कार्की; यशु भट्टराई

**सर्वोउत्कृष्ट लोक तथा दोहोरी गित भिडियो नव मोडल**

राज गजमेर; बिष्णु कुंवर; प्रदिप प्रजा; अनिल लम्साल; टंक डुम्रे; तुल्सी गरुङ्ग; निना बुढाथोकी; रोसनि विश्वकर्मा; हिरा बि.क.; प्रभा नाथ

**बर्ष सर्वोउत्कृष्ट ध्वनी मिश्रण**

बिनोद परियार

पृष्ठ १ बाट जारी

### सांसद भवन...

बाहिर गएर एकले अर्को पार्टीको व्यक्ति विशेषलाई लान्छना लगाउने खालका अभिव्यक्ति दिने, रोष्टम घेराउ गर्ने, आफ्नो पार्टी सरकारमा हुदा गरेको हस्तक्षर सरकार भन्दा बाहिर हुदा त्यहि नै मान्य नहुने जस्ता दृष्यहरुले नेपालको सांसदहरुको गरिमा बढाएको छैन । गिराएको छ ।

सांसद भवनको गतिविधि राष्ट्रको मात्र नभएर अन्तराष्ट्रियस्तरमा समेत यसको सन्देश जाने हुदा नेपालको प्रतिष्ठामा समेत अघात पुग्ने खालका आचरण नेपालका सांसदहरुले प्रदर्शन गरिरहेका छन् । यस खालको गतिविधि देखेर नेपाली जनताले सांसदहरुलाई सदनमा होइन टुडिखेलमा आएर कुस्ती खेल्न आग्रह गरेका छन् । ताकी गरिवी, पछौटेपन, अभाव, महगीवाट गुज्रीरहेका जनताले एकछिन भएपनि सांसदहरु टुडिखेलमा कुस्ती खेलेको हेरेर आनान्द मान्छौ भन्दै यस्तो आग्रह पुर्ण कुराहरु गरेको सुनिन थालेको छ ।

त्यसैले नेपालका सांसदहरु सदनमा विधि विधान बनाउन होइन पार्टीको बचाउ गर्न सरकारमा जानको लागि तछाड मछाड गर्न गएका प्रष्ट देखिदै आएको छ ।

त्यसर्थः जनताको पछिल्लो अवस्था हेर्दा राजनीतिक पार्टी भन्दा सामाजिक क्षेत्रमा काम गर्ने स्वतन्त्र व्यक्ति प्रति जनताको आकर्षण बढ्न थालेको सहजै अनुमान लागाउन सकिन्छ । निकट भविष्यमा नेपालमा राजनीतिक पार्टीहरुप्रति जनताको आकर्षण नरहने र पार्टीहरुलाई जनताले मरेको लासलाई जुम्राले छोडेजस्तै हुने आकलनहरु हुन थालेका छन् ।

पृष्ठ १ बाट जारी

### जुम्लाको स्याउ...

मानिसको पाचन प्रक्रियामा असर पार्न सक्ने उनले बताए ।

मानव स्वास्थ्यका लागि हितकर नरहेको विदेशी स्याउ बजारमा पाइने तर, हुम्लामा उत्पादन भएको स्वस्थकर स्याउ बिक्ने अवस्था नरहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गरे ।

साढे तीन सय रुपैयाँ प्रतिकिलो स्याउ नेपालका भाटभटेनीदेखि ठूला ठूला सुपरमार्केटमा बिकिरहेको तर, जुम्लाका स्याउ ७० रुपैयाँ प्रतिकिलो पनि नबिकिरहेको बताए ।

'जुम्लाका किसानको स्याउ ७० रुपैयाँमा पनि सिण्डिकेडधारीहरू किन्न तयार छैनन्' उनले भने । यस्तो विषयमा सरकार गम्भीर हुनुपर्ने र स्वदेशी उत्पादनलाई बजारमा ल्याउन भूमिका खेल्नुपर्ने उनको आग्रह छ ।

जुम्लाका किसानले ५० करोड माथिको स्याउ उत्पादन गरेको उनको दाबी छ । ६ अर्बको स्याउ विदेशबाट अयात हुन् गरेको उनको दाबी छ । सरकारले गुणस्तर चेक गरेर त्यसअनुसार स्वदेशी उत्पादनलाई बजारमा ल्याउन भूमिका खेल्नुपर्ने उनको आग्रह छ ।

पृष्ठ १ बाट जारी

### एल.पि ग्यास...

अघ्यक्ष शिव प्रसाद घिमिरेले आफनो व्यक्तिगत कम्पनी जसरी संस्था संचालन गर्ने गरेको र आफना पक्षकालाई मात्र जानकारी गराई पदाधिकारी वैठक बसी आफुहरूलाई व्यक्तिगत लाभ हुन् गरी निर्णयहरू गर्दै आएकोले वाध्यात्मक रूपमा सामुहिक राजिनामा दिएको बताएका छन । उक्त कदम प्रति वारम्वार ध्यानाकर्षण गराउदा पनि अघ्यक्षवाट संस्थाको विधि विधानलाई लत्याउदै आएको उनिहरुको राजिनामा पत्रमा उल्लेख रहेको छ ।

पृष्ठ ३ बाट जारी

### रामेछाप नगरपालिका...

नगरपालिकाले विभिन्न योजनाहरु बनाएको छ । नगरपालिकाका प्रमुख लबश्री न्यौपानेले यस्ता ठाउँहरुको संरक्षण र सम्बर्द्धनमा विभिन्न कामहरु गरिरहेको बताउनुभयो ।

रामेछाप नगरपालिका वडा नं ५ मा ५३ फिट अग्लो बुद्धको मुर्ती बनाउने योजना रहेको उहाँले सुनाउनुभयो । बुद्धको मुर्ति निर्माणको लागी बजेट समेत विनियोजन भइसकेको उहाँले बताउनुभयो ।

वडा नं ४ मा रहेको घुमाउने पोखरी पर्यटकिय क्षेत्रमा मगर सांस्कृतिक संग्राहलय बनाउने योजना रहेको नगर प्रमुख न्यौपानेले बताउनुभयो । तामाङ्ग साँस्कृतिक संग्राहलय निर्माणको लागी बाग्मती प्रदेश सरकारबाट बजेट विनियोजन भएको र सो संग्राहलय वडा नं ५ रामपुरमा निर्माण हुन् उहाँले जानकारी दिनुभयो । हायु सांस्कृतिक संग्राहलय निर्माण गर्ने योजना रहेको पनि उहाँले बताउनुभयो ।

## अन्तराष्ट्रिय

# श्रीलंकाको राष्ट्रपतिमा दिसानायके विजयी



कोलम्बो- श्रीलंकाको राष्ट्रपतिमा वामपन्थी नेता अनुरा कुमारा दिसानायके निर्वाचित भएका छन् । दोस्रो चरणको मतगणनापछि उनी राष्ट्रपतिमा निर्वाचित भएका हुन् । उनले सोमबार पद तथा गोपनीयताको शपथ लिनेछन् ।

पहिलो चरणको मतगणनामा कुनै पनि उम्मेदवारले विजयी हुन् आवश्यक मत ल्याउन नसकेपछि पहिलो स्थानमा आएका दिसानायके र दोस्रो स्थानमा रहेका प्रेमदासाबाहेक अन्य उम्मेदवारहरू चुनावी दौडबाट बाहिरिएका थिए ।

चुनावी प्रतिस्पर्धाबाट बाहिरिएका उम्मेदवारलाई मत दिएका मतदाताले दोस्रो र तेस्रो प्राथमिकतामा राखेका उम्मेदवारको मत गनेर विजेता निर्धारण गरिएको हो । श्रीलंकाको राष्ट्रपतीय चुनाव पहिलोपटक दोस्रो चरणको मतगणनामा पुगेको हो ।

श्रीलंकामा राष्ट्रपति निर्वाचित हुन् ५० प्रतिशतभन्दा बढी मत ल्याउनुपर्छ । चुनावमा मतदाताले प्राथमिकताका आधारमा पहिलो, दोस्रो र तेस्रो उम्मेदवार चयन गर्न पाउने व्यवस्था छ ।

पहिलो चरणको मतगणनामा वामपन्थी नेता दिसानायकेले ४२.३१ प्रतिशत मत प्राप्त गरेका थिए । दोस्रो स्थानमा रहेका प्रेमदासाले ३२.७६ प्रतिशत मत पाएका थिए । दोस्रो कार्यकालको राष्ट्रपति बन्ने दौडमा रहेका राष्ट्रपति रनिल विक्रमासिंघेले १७.२७ प्रतिशत मत मात्र पाए । चुनावमा ३८ जना उम्मेदवार थिए ।

श्रीलंकामा इतिहासकै खराब आर्थिक संकटपछि २०२२ मा देशव्यापी विरोध प्रदर्शन सुरू भएको थियो । जसका कारण देश छाडेर भागेका राष्ट्रपति गोटाबाया राजापाक्षले सिंगापुर पुगेर पदबाट राजीनामा दिएका थिए । त्यसयता शनिबार पहिलो चुनाव भएको हो ।

पृष्ठ १ बाट जारी

### दसैं...

गर्ने विषयमा निष्कर्ष विहीन हुँदै टुङ्गियो ।

सो छलफलपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले सडक विभाग अन्तर्गतका सबै सडकहरू घटस्थापना अघि नै मर्मत संहार गरी यातायात सुचारु गर्न सडक विभागलाई निर्देशन दिने निर्णय गरेका छन् । यसकासाथै छिटै टिकट बुकिङ खुला गरिने निर्णय गरिए पनि मिति भने तय हुन् नसकेको मन्त्रालयले जनाएको छ ।

# विकल बाल प्रतिभा पुरस्कार छनौट तथा वितरण समारोह सम्पन्न



काठमाडौं- अभिनव साहित्य समाजले २२ औ विकल बाल प्रतिभा पुरस्कार छनौट तथा वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

प्रसिद्ध साहित्यकार रमेश विकलको नाममा समाजद्वारा स्थापित पुरस्कार कोश(हाल २७००००) बाट प्राप्त व्याज र प्रवेश शुल्कको आधारमा मा.वि.स्तरीय आशु(स्थलगत) कविता लेखन तथा वाचन प्रतियोगिता सम्पन्न गरेको हो ।

जसमा बाल संसार मा.वि.का कृसप पौडेल प्रथम भएका छन । यसैगरी कान्ति भैरव गुरुकुलका पुसप खरेल, विद्या व्यायामका सविन सुनार, ग्रीन तथा चाइल्ड हेभेनका पारस ढौली र विद्या सागरबाट सञ्जु राई क्रमशः द्वितीय, तृतीय र सान्त्वना पुरस्कारको लागि विजयी भएका छन् । उनीहरुलाई नगद रु ५०००,३०००,२००० र १००० नगद, प्रमाणपत्र र एक बालसाहित्यका पुस्तक प्रदान गरिएको छ । यसैगरी सहभागी सबैलाई प्रमाणपत्र र एकएकवटा बाल साहित्यका पुस्तक प्रदान गरिएको छ ।

प्रमुख अतिथि खोलाघरे साहिँलो, विशेष अतिथि विजय चालिसे, सभापति तथा समाजका उपाध्यक्ष विमल अर्याल, समाजका अध्यक्ष गोविन्द घिमिरे वेदमणिलगायतका पदाधिकारीहरुले पुरस्कारहरु प्रदान गरे र समारोहलाई सम्बोधन गरेका छन ।

शारदा पराजुलीको उद्घोषण, परशुराम पराजुली, मेनका आचार्य र रञ्जु दाहालको निर्णायकत्व, बी.पी. इलामेको संयोजकत्व तथा स्वागत मन्तव्य, घनश्याम प्रसाई र नवराज पुडासैनीको व्यवस्थापनमा सो कार्यक्रम सम्पन्न भएको थियो ।

सहभागी विद्यालय र विद्यार्थीहरुमा सुनौलो भविष्यबाट लक्ष्मी तिमल्सिना र सुदिप गिरी, गोकर्णेश्वर महादेवबाट रुवी खड्का र सोनिया पौडेल, अलमाइटी आइडियल मोडलबाट कृजल सापकोटा, अरुणोदय मा.वि.बाट निखिल चौधरी र शिशिर धिताल, आइलेन्स स्कुलबाट दिव्या ढकाल र यस्मी श्रेष्ठ, रिम्स स्कुलबाट यनिशा बराइली र दिपदर्शन न्योपाने, नव अरुणिमाबाट स्नेहा राई र क्रिष्टोफर कार्की, लिम्पीया स्कुलबाट रिहान खड्का र सिहाना तामांग, कान्तिभैरव गुरुकुलबाट राज पराजुली, याम्वेसडर एकेडेमीबाट रियाशा रिमाल र पासांग डोल्कर शेर्पा, चामुण्डा मा.वि.बाट रोशनी चौलागाई र निमा डेन्डी शेर्पा, उत्तरवाहिनी स्कुलबाट समृद्धि श्रेष्ठ र आयुशा तिमल्सिना, विद्या व्यायामबाट युना श्रेष्ठ, सरस्वती मा.वि.बाट सुशान्त कोइराला र कुशल गौतम, जेनिसिकबाट सरिता तामांग, मनास्लुबाट प्रिन्सिका लामिछाने र युनिका दाहाल, त्रिकोण पब्लिक स्कुलबाट अनुजा पोखरेल र इष्टपोल मा.वि.बाट आरोही चौलागाई र प्रवेश बस्नेत रहेका थिय ।

# २०८१ सालको भैरव पुरस्कार लक्ष्मण गाम्नागेलाई

काठमाडौं- नेपाली साहित्यका विराट प्रतिभा भैरव अर्यालको स्मृतिमा स्थापित विभिन्न तीन पुरस्कार प्राप्तकर्ताहरूको नाम भैरव पुरस्कार गुठीले मंगलवार सार्वजनिक गरेको छ ।


भैरव पुरस्कार गुठीका अध्यक्ष वरिष्ठ साहित्यकार रोचक घिमिरेको अध्यक्षतामा बैठकले पुरस्कार प्राप्तकर्ताहरूको नाम अनुमोदन गरेको हो ।

जसअनुसार २०८१ सालको भैरव पुरस्कार हास्यव्यङ्ग्यकार लक्ष्मण गाम्नागेलाई प्रदान गरिने भएको छ । यो पुरस्कारको राशि १ लाख ११ हजार १ सय ११ रुपैया रहेको छ ।

१ लाख १ हजार १ सय ११ रुपैया राशीको भैरव वाङ्मय पुरस्कार चुडामणि गौतमलाई प्रदान गरिने गुठीले जनाएको छ । त्यस्तै ५१ हजार १ सय ११ रुपैया राशीको भैरव प्रतिभा पुरस्कार कलाकार लक्ष्मी गिरीलाई प्रदान गरिने भएको छ ।

पुरस्कार प्राप्तकर्ताहरूको नाम छनौट गर्न गुठीले साहित्यकार गोपाल बरालको संयोजकत्वमा साहित्यकारद्धय नरनाथ लुइँटेल र हरिकला उप्रेती सदस्य रहनु भएको चयन समिति गठन गरेको थियो ।

भैरव स्मृति दिवसको दिन यही असोज १९ गते शनिवार राजधानीको गोकर्णेश्वर ५ स्थित भैरव स्मृति भवनमा एक कार्यक्रम गरी घोषित पुरस्कारहरू वितरण गरिने गुठीका सचिव वसन्त रिजालले जानकारी दिनुभयो ।



# बुद्धवीरको लामाको तेहौं गीती एल्वम् विमोचन सम्पन्न




■ नन्दलाल खरेल

काठमाडौं- पूर्व धावक एवं गीतकार बुद्धवीर लामाको तेह्रौं गितिमयको एकल साङ्गीतिक कार्यक्रम तथा गीति एल्वम विमोचन सम्पन्न भएको छ। संविधान दिवसको दिन प्रज्ञा प्रतिष्ठानको भवनमा प्रमुख अतिथि पूर्व प्रधानमन्त्री तथा नेकपा समाजवादीका वरिष्ठ नेता झलनाथ खनालको उपस्थितिमा सम्पन्न भएको हो। झण्डै ४ दशकदेखि गीत लेखनमा क्रियाशील लामाको 'धेरै चोटी आँखा जुध्यो', 'बादलुको घुम्टो ले', 'चलेछ बतास सुस्तरी', 'खुट्टा तान्दै गर', 'चोली राम्रो पाल्पाली ढाकाको', 'आज हाम्रो भेट भाको दिन', 'भुपु मायालु' लगायत सयौं गीतहरु लोकप्रिय छन् । कार्यक्रममा खानालले बुद्धबीर लामाले गीत सङ्गीत, खेलकुद तथा सामाजिक क्षेत्रमा पुर्याएको योगदानको चर्चा गर्नु भयो ।

कार्यक्रममा आगन्तुक सम्पूर्ण अतिथि तथा दर्शक श्रोताहरुलाई बुद्धवीर लामाले आभार प्रकट गर्दै भने, 'म मेरो कर्तव्यमा सधैं हिडिरहेको छु । गीत सङ्गीत युगको प्रतिनिधि हो । यसले समाजका आवाजहरु, अधिकांश मानिसको मनहरुलाई छुने काम गरेको छ ।' विभिन्न क्षेत्रमा मूलतः गीत सङ्गीत, शिक्षा तथा सामाजिक क्षेत्रमा काम गने ' विशिष्ठ व्यक्तिहरुलाई सम्मान गरिएको थियो । शैक्षिक तथा सामाजिक सेवामा समर्पित भई दे श विकासको कार्यक्रममा लगनशील, कर्मठ शिव प्रसाद घिमिरेलाई राष्ट्रिय सम्मान गरिएको थियो । कार्यक्रममा गायिकाहरु कुन्ती मोक्तान र सो मना प्रधानको सङ्गीतक प्रस्तुतीले कार्यक्रममा मनोरञ्जन प्रदान गरिएको थियो । विभिन्न स्कुलबाट आएका साना साना बालबालिकाले समेत नृत्य प्रस्तुत गरेर कार्यक्रमलाई भव्य र मनोरञ्जनात्मक बनाएका थिए ।

# नुवाकोट कलाकार समाजको गठन, सचिवमा सुनिल थापामगर



■ जन आकाश संवाददाता

काठमाडौं- नुवाकोट कलाकार समाजको गठन भएको छ । यहि २०८१ असोज ५ गते काठमाडौंको बालाजुस्थित भ्याली कोल्डस्टोरमा भएको भेलाले नुवाकोट कालाकार समाज नामकरण गरेको हो । उक्त नामकरणसँगै अध्यक्षमा प्रचण्ड बाबु राई उपाध्यक्षमा रामचन्द्र रिमाल, सचिवमा सुनिल थापा मगर, कोषाध्यक्षमा लक्ष्मी स्याङतान, सदस्यहरुमा प्रविन डंगोल, साहस शाक्य, सुजित श्रेष्ठ, धुर्व तामाङ, पवित्र गुरुङ, शैलेन्द्र शाही, सन्तोष कार्की, संन्दिप सिंह थिङ, प्रेम राई १३ सदस्य समिति निर्माण गरेको छ ।

त्यसैगरी कानूनी सल्लाहकारमा गोकर्ण पुडासैनी, सल्लाहकारमा दामोदर खतिवडा, उसनमान श्रेष्ठ, पुरुसोत्तम डंगोललाई सोही भेलाले चयन गरेको छ ।

## मेरो प्यारो दादा बिनोद कार्की ।



### लिया खड्का

ब्राण्डेड सपना रोज्दिन भन्नू हुन्छ बनोस जिन्दगी सादा
बयान गरी साध्य छैन् गुण समाजसेवी मेरो बिनोद दादा ॥

कोमल स्वर र नसालु आँखा मेरै लागि रछन्
समाजसेबी स्वभाव देख्दा लाग्छ फिदा भाछन ॥

परिवारको आशको केन्द्र बिस्वास अब नतोडिदिनु
बुडाबुडी भैसके बा, आमा तिमिले एक्लै न छोडिदिनु ॥

जिम्मेवारी छोराको उदाहरण हौ आउछन दुख र बाधा
हरेक परिस्थिति सम्हाल्ने शक्ति मिलोस मेरो प्यारो दादा ॥

पत्रकार र समाजसेबी भन्दै चिन्ने उदाहरण हरेक घरमा
हिम्मत न हारी अघि बड्नुस बसेका छन हजुरको भरमा ॥

प्रतीभाको प्रस्फुटन हुने गाउको कुना काप्चादेखी
गर्नुस मेहेनत बन्नुस चर्चित जन आकाश मिडियादेखि ॥

## कविता



### रामचन्द्र खड्का

आउनुस सबै मिलिजुली मनाउनुछ तिज
महान चाड खुसी साटी जनाउनु छ तिज

कहिले जाने भेटघाट गर्न दिदिहरु माईत
जुराउनु घरमा सल्लागरी जानलाई साईत

काम मात्र कति गर्नु दर खान जाउ साथि
नजानेलाई पनि लानुपर्छ कर लाउ साथि

दुख भुलाई हामि पनि नाचौ कम्मर भाची
खर्च पनि राख्नुपर्यो दर खानलाई साची

सबै हामि एउटै हौ काटे रगत आउछ
मिलिजुली बसेमात्र चाडले खुसी छाउछ

पुर्ब पश्चिम माइतिघर चढि जाने रेल
खानुपर्छ मिठा मिठा पकाई घरमा सेल

मनमा रिस नराखेर खुसी भई जानुपर्छ
आमाको काखमा रमाई दर खानुपर्छ ॥

## 'बाटैमा घर छ' सार्वजनिक



काठमाडौं- छाडा र उत्ताउला गीतले हाम्रो समाजलाई नै खल्लो र बिकृति उन्मुख बनाइरहेको बेला बिष्णु कुँवरले भने थुप्रै जिल्लालाई समेटेर गाउँ घरको झल्को मेटिने गरी गाउँ घरमा आमा, हजुर आमाहरुले गुनगुनाउने लोक भाकालाई टपक्क टिपेर "बाटैमा घर छ " बोलोको गीत Bishnu Kunwar युटुब च्यानलबाट सार्वजनिक गरेकाछन् ।

उक्त गीतको शब्द मीन प्रकाश ओलीको रहेको छ भने नेत्र भण्डारी, देवी घर्ती, सिमा नेपाली, यज्ञ सापकोटा र मीन प्रकाश ओलीले मिठासपूर्ण आवाज दिएका छन् ।

मीन प्रकाश ओलीको म्युजिक, आरेम सुनारको यारेन्ज, मिक्सिङ रहेको गीतमा प्रकाश खड्काले छायांकन गरेका छन् । बिष्णु कुँवरको निर्देशन, मुकेश नेपालीको कोरियोग्राफी, रहेको गीतमा अस्मिता रणपाल, विष्णु कुँवर, हिरा रसाइली, कमेडी याक्टर विनोद कार्की, नविन बोहरा, मीन प्रकाश ओली र मुकेश नेपालीको अभिनय रहेको छ ।

नेपालका बिभिन्न ठाउँलाई ममेटेर निर्माण गरिएको "बाटैमा घर छ" बोलको गीत अहिले निकै चर्चामा आएको छ । गीतको अडियो, भिडियो नै राम्रो भएकाले र नेपालको दुर्गम गाउँ घरको कथालाई समेटेर बनाइएको हुनाले गीतले छोटो समयमै सफलता पाउन सक्ने सम्भावना रहेको यसै गीतका निर्देशक तथा मोड्ल बिष्णु कुँवर बताउँछन् ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ९, २०८१ साल असोज ८ गते मंगलबार (Sep 24, 2024)

# भिडोल लुब्रिकेन्टको डिलर मिट




काठमाडौं- भिडोल लुब्रिकेन्टको नेपालका लागि आधिकारिक वितरक तथा उत्पादक युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिज प्रा.लिले डिलर मिट सम्पन्न गरेको छ ।

गत सोमबार धनुषाको ढल्केबरस्थित गौतम होटलमा सम्पन्न सो डिलर मिटमा देशभरका ४२ डिलरको सहभागिता रहेको थियो । सो अवसरमा भिडोल इन्टरनेसनल लिमिटेड, युकेका डाइरेक्टर अरिजित वासुले नेपाली बजारमा भिडोलको उपस्थिति उत्साहप्रद रहेको उल्लेख गर्दै कम्पनीको अवको रणनीति र विश्व बजारमा भिडोललाई अझै उल्लेख्य रुपमा पु-याउने कम्पनीको योजना वारेमा जानकारी दिए ।

युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजका डाइरेक्टर दिपेन्द्र कुमार मिश्रले भिडोललाई नेपाली ग्राहकका बीच पु-याउनमा डिलरहरुको महत्वपूर्ण भूमिका भएको उल्लेख गर्दै आगामी दिनमा समेत सदैव सहकार्यको अपेक्षा गरे ।

युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजका डेपुटी जनरल म्यानेजर दिनेश खनालले कम्पनीले उत्पादन गर्ने विभिन्न उत्पादन र भविष्यको योजना वारेमा प्रस्तुतीकरण गरेका थिए ।

सो अवसरमा भिडोल इन्टरनेसनल लिमिटेड, युकेका डाइरेक्टर अरिजित वासुले भिडोल लुब्रिकेन्टको नेपालका लागि फ्रेन्चाइजी युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजका डाइरेक्टर दिपेन्द्र कुमार मिश्रलाई हस्तान्तरण गरे ।

सो अवसरमा भिडोल लुब्रिकेन्टमा विगत ९ वर्ष देखि कार्यरत रहेर लामो समय सम्म सेवा गरेकोमा जनरल म्यानेजर दिनेश खनाललाई 'टोकन अफ एप्रिसिएसन' प्रदान गरिएको थियो भने सबै डिलर प्रतिनिधिहरुलाई 'टोकन अफ लभ' प्रदान गरिएको थियो ।

अब नेपालमै भिडोल लुब्रिकेन्टको उत्पादन शुरु भएको छ । विश्वका १२ देशमा भिडोलको ब्रान्ड लाइसेन्सी उपलब्ध भएको र यो लाइसेन्स प्राप्त गर्ने नेपाल १२औं देश बनेको छ । ती देशका १८ स्थानमा भिडोल लुब्रिकेन्ट ब्लेन्डिङ हुन् गर्छ र ७५ भन्दा बढी देशमा यसको उपस्थिति छ ।

भिडोल लुब्रिकेन्ट उत्पादनका लागि धनुषाको मिथिला नगरपालिका वडा नम्बर ३, लालभित्तीमा युनाइटेड लुब्रिकेन्ट इन्डष्ट्रिजले उद्योग स्थापना गरेको छ । १ लाख ७५ हजार ८७६ वर्गफिट क्षेत्रफलमा फैलिएको सो उद्योगमा २० लाख लिटर क्षमताको स्टोरेज रहेको छ ।

यहाँ मासिक रुपमा प्रतिसिफ्ट १० लाख लिटर लुब्रिकेटिङ आयल उत्पादन गर्न सकिन्छ । भिडोल लुब्रिकेन्ट नेपाली बजारमा सन् २०१२ देखि नै उपलब्ध छ । यो लुब्रिकेन्ट सवारी साधनतर्फ मोटरसाइकल, कार, मिनीभ्यान, एसयूभी र कमर्सियल तथा हेभी इक्विपमेन्टमा प्रयोग भइरहेको छ । साथै यसको प्रयोग उद्योगहरुमा पनि हुँदै आएको छ ।

भिडोललाई विश्वका प्रायः सबैजसो ठूला र प्रख्यात अटो उत्पादकले आफ्नो सवारी साधनमा ओईएम प्रोडक्टमा रुपमा प्रयोग गर्न सिफारिस गरेकाछन् ।

# पहिलो गभर्नर्स कप सुपर मोटो बाइक रेसिङ प्रतियोगिता हुने




काठमाडौं- लायन्स इन्टरनेसनल डिष्ट्रिक्ट ३२५ जे नेपालको आयोजनामा पहिलो गभर्नर्स कप सुपरमोटो बाइक रेसिङ प्रतियोगिता हुने भएको छ ।

असोज ४ र ५ गते पोखरा रंगशालामा हुने प्रतियोगितामा १६ जना राष्ट्रिय बाइक रेसिङ खेलाडीहरुले भाग लिँदैछन् । यो प्रतियोगिता लायन्स क्लबको आयोजनामा पहिलोपटक हुन् लागेको डिष्ट्रिक्ट गभर्नर लायन मिलन थापाले जानकारी दिइन् ।

प्रतियोगिताको सम्पूर्ण प्राविधिक पक्षको जिम्मेवारी मोटर स्पोर्टस् नेपाल क्लबले लिएको छ । प्रतियोगिताको पहिलो दिन असोज ४ गते प्राक्टिस राउन्ड हुने र दोस्रो दिन ५ गते प्रतियोगिता हुने डिष्ट्रिक्ट ३२५ जे का स्पोर्टस् चिफ लायन अनिल कुमार बरालले जानकारी दिए ।

प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुनेलाई कप र नगद पुरस्कार प्रदान गरिनेछ भने सहभागी सबैलाई मेडल र प्रमाणपत्र प्रदान गरिने चिफ पिआरओ लायन रामराजा थापाले बताए । खेलको संयोजन भने लायन्स क्लब अफ काठमाडौं युनाईटेड स्टार्स र लायन्स क्लब अफ पोखराले गरिरहेका छन् ।

समाजसेवामा सक्रिय लायन्स क्लबले युवा शशक्तिकरणमा जोड दिँदै मोटर स्पोर्टस्को प्रवर्द्धन गर्न प्रतियोगिता आयोजना गरेको डिष्ट्रिक्ट स्पोर्टस्को चिफ लायन शिव श्रेष्ठले जानकारी दिए ।

# बहुप्रतिक्षित टाटाको इभि पन्च, भव्यताका साथ एकैपटक चार शहरमा लन्च

काठमाडौं- नेपालमा बहुप्रतिक्षित टाटाको पन्च इभी एकैपटक चार शहरमा - चितवन, पोखरा, बुटवल र भैरहवामा भव्यताका साथ लन्च भएको छ । धेरैको प्रतीक्षा र प्राथमिकतामा परेको विद्युतीय कम्प्याक्ट एसयूभी पन्च इभी यी चारवटै सहरमा एकैदिन औपचारिक रूपमा लन्च गरिएको सिप्रदीले जनाएको छ । पोखरामा आयोजित कार्यक्रममा सिप्रदीका सीईओ राजनबाबु श्रेष्ठ र उद्योग वाणिज्य संघ पोखराका अध्यक्ष पवन प्रजापति सहभागी थिए । भैरहवा र बुटवलको कार्यक्रममा सिप्रदीका सीओओ राजेशप्रसाद गिरी, प्यासेन्जर भेहिकल बिजनेस युनिट प्रमुख सावन्तजंग सिजापती र सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर प्रसाद श्रेष्ठको उपस्थिति रहेको थियो । यस्तै, चितवनको कार्यक्रममा सिप्रदीका भाइस प्रेसिडेन्ट सौरभ थपलिया र चितवन उद्योग संघका अध्यक्ष सूर्य प्रसाद न्यौपाने सहभागी थिए ।

पोखरामा आयोजित कार्यक्रममा बोल्दै सिप्रदीका सीईओ राजनबाबु श्रेष्ठले नाडा अटो शोमा सार्वजनिक भएको टाटा पन्च इभीले नेपालभर उच्च माग र बुकिङ पाएको बताए । पोखरामा औपचारिक रूपमा पन्च सार्वजनिक गर्दै ग्राहकलाई साँचो हस्तान्तरण गर्न पाउँदा आफू उत्साहित भएको उनको भनाइ थियो । उनले गाडीको बिक्रीसँगै इभीको इकोसिस्टमलाई सुदृढ गर्न पनि ध्यान केन्द्रित गरिएको जानकारी दिए । भैरहवा-बुटवलको कार्यक्रममा बोल्दै सीओओ राजेशप्रसाद गिरीले गाडीको बिक्रीसँगै बिक्रीपछिको सेवामा पनि कम्पनीले उत्तिकै ध्यान दिने प्रतिबद्धता जनाए ।

कार्यक्रममा पोखरा, चितवन, बुटवल र भैरहवामा गाडी बुक गरेका ग्राहकलाई गाडी हस्तान्तरण गरिएको थियो । गाडीको साँचो हातमा लिँदै कतिपय ग्राहकले टाटाको पन्च इभि चढ्न पाउँदा आफूहरू उत्साहित भएको बताएका थिए ।

टाटा पन्च ईभीको प्रारम्भिक मूल्य रु. ३३ लाख ९९ हजार तोकिएको छ । पन्च ईभीको उक्त भेरिएन्टमा भ्वाइस एसिस्टेड सनरुफ, ३६० डिग्री क्यामेरा, लेदर रेटेड भेन्टिलेटेड सिट, ६ वटा एयरब्याग, वायरलेस चार्जर, र वायरलेस एन्ड्रोइड अटो/एप्पल कारप्ले जस्ता उच्च प्रविधि र सुविधा उपलब्ध छन् । यो गाडीको ग्राउन्ड क्लियरेन्स १९० मिमि रहेको छ भने यसले द्यल्आृब्ए मा ५ स्टार सेफ्टी रेटिङ पाएको छ ।




# आइसरले ल्यायो दशैंको हर्ष, आइसरको बर्ष योजना

काठमाडौं- कर्मसियल भेहिकलमा अग्रणी विगत ४० वर्षदेखि नेपालको व्यवसायिक सवारीको क्षेत्रमा अत्याधिक ग्राहकहरुले रुचाइएको ब्रान्ड बतास एमएडब्लु, बतास मोरङ्ग अटो वक्स कमर्सियल भेहिकल आइसरले दशै तिहार, छठ पर्व चाडलाई लक्षित गर्दै दशैको हर्ष, आइसरको बर्ष अफर योजना ल्याएको छ ।

दशैको हर्ष,आइसरको बर्ष अफर योजना अर्न्तगत ग्राहक वर्गहरुका लागि आइसरका कुनै पनि स्कुल बस, कमर्सियल बस, ट्रकको खरिदमा ७० प्रतिशत सम्मको सरल फाइनान्स, २५ लाख सम्मको इन्स्योरेन्स तथा एक्सचेन्जको सुबिधा प्रदान गरेको छ ।

यस योजनाले हाम्रा सबै ग्राहकहरूलाई बिशेष प्राथमिकताका साथ गाडि सञ्चालकहरु, चालकहरू, शिक्षण संस्थाहरू, निर्माण कम्पनीहरू आदिलाई लक्षित गर्दै योजना अर्न्तगत चालकहरूको लागि बीमा (चालक मालिक),शून्य सेवा लागत,(गाडि सञ्चालकहरु) तथा टुर प्याकेजहरू (निर्माण कम्पनीहरूका लागि),ल्यापटपहरू, प्रोजेक्टरहरू (शिक्षण संस्थाका लागि) योजनामा समावेश गरिएका छन् ।

यो योजना यहि असोज १ गतेदेखि नेपाल अधिराज्यभर लागू हुनेछ । ग्राहक वर्गले आइसरका देशभरीका शोरुमबाट यो अवसरको लाभ लिन सक्नेछन् ।आइसर बतास एमएडब्लुले आधिकारिक रूपमा आइसरका गाडीहरु बिक्रि गदै आईरहेकोछ । बतास समूह र मोरङ अटो वक्सरको गठबन्धनले नेपालमा आइसरको क्षितिज फराकिलो गर्दै काम गरिरहेको छ ।

नेपालमा आइसरका ११ शाखाहरु,४ डिलर र १६ सहित देशैभर व्यवसायिक सवारी साधनहरू उपलब्ध गराउँदै आएको छ । ग्राहक वर्गले आइसरका विद्यमान दायराहरूमा विस्तृत विकल्पहरू ४ पाङ्गे ट्रकदेखि १६ पाङ्गाहरू, ५ टनदेखि २५ टन लोडिङ क्षमताका उत्पादनहरु छनोट गर्न सक्नेछन् । साथै आइसरले अत्याधुनिक नाइट बस पनि भित्राइसकेका छौं । यस्ले नेपालमा विद्यमान लामो रुटका बसमा बिधमान समस्याहरुलाइ हल गर्ने लक्ष्य लिएको जानकारी कार्यकारी निर्देशक दिपक अग्रवालले गराए ।

आइसर बिश्व भर ७० भन्दा बढी देशहरूमा फैलिएको छ । आइसरले भोल्भो र आइसरका संयुक्त परियोजनामा विविध मूल्य र प्रयोजनका लागि नयाँ प्रविधिका साथ विभिन्न उत्पादनहरू बजारमा उपलब्ध गराउदै आइरहेको छ ।

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

### चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार